# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# बेलबारी नगरपालिका
# मोरङ




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौँ, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal


पत्र संख्या :२०७६/७७ मिति: २०७७/३/२६
च.नं. ६१८

श्री अध्यक्षज्यू,
बेलवारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च. नं. ४९७

मिति: २०७७।३।२४

श्री प्रमुखज्यू,
बेलवारी नगरपालिका,
मोरङ ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले बेलवारी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ८ करोड ५३ लाख ६८ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड २ लाख ५३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४ करोड २३ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ५४ लाख ४९ हजार र पेश्की बाँकी रु. ७३ लाख ३४ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।११।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना बयालिस ( ४२ ) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले नगरपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वनगरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानून वमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीयप्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# बेलवारी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । यो नगरपालिका अन्तर्गत ११ वडा, ६० नगर सभा सदस्य, १३२.७८ वर्ग कि.मी.क्षेत्रफल र ६९४९८ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष:**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाब सहितको आर्थिक वर्ष २०७५/७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | | रकमरु. | सि.नं. | विवरण | | रकम |
| १ | **गतआ.ब.को मौज्दात** | | **७२१०३८७०.६३** | १ | **चालू खर्च** | | **१४९५७८३४२.४०** |
| | संचित कोष | ६४२५४०६५.५१ | | | बित्तीय समानिकरण | ५२७१५७२८.०० | |
| | धरौटी | ३१३३७०३.१२ | | | आन्तरिक आय | ९६८६२६१४.४० | |
| | बिपद व्यवस्थापन कोष | ०.०० | | २ | **पूंजीगत खर्च** | | **१९७०७१२००.०१** |
| | मर्मत संभार कोष | २७२८७७८.०० | | | बित्तीय समानिकरण अनुदान | ७६५०४९३७.७६ | |
| | बेलबारी नगर शिक्षा कोष | ६८४०६.०० | | | आन्तरिक आय | १२०५६६२६२.२५ | |
| | कर्मचारी कल्याण कोष | १६०००००.०० | | ४ | **सशर्त अनुदान** | | **३७५५७९४३२.६२** |
| | खानेपानी तथा सरसफाई कोष | ३१८९१८.०० | | | वातावरण संरक्षण कार्यक्रम | २१३८०००.०० | |
| २ | **राजश्व (आन्तरिक आय खाता)** | | **९०७५५९१७.६४** | | पशु सेवाविभाग | ८२३८२५.०० | |
| | आन्तरिक राजश्व | ६८३३५०५९.६४ | | | कृषीविभाग | ३२४४३४९.२१ | |
| | राजश्वबाडफाड | २२४२०८५८.०० | | | स्वास्थ्य सेवाकार्यक्रम | २८६९१३१७.४ | |
| ३ | **संघिय सरकारबाट प्राप्त** | | **६१०८८१८५७.७१** | | शिक्षा सेवाकार्यक्रम | १६७५८८९६९.२१ | |
| | बित्तीय समानिकरण अनुदान पूंजीगत | १७००००००0.०० | | | संस्कृति प्रवर्द्धन कार्यक्रम | ९९७६७८.०० | |
| | वातावरण संरक्षण कार्यक्रम | २१३८०००.०० | | | महिला बिकास | १०९७४१६.८० | |
| | पशु सेवाविभाग | ८२३८२५.०० | | | स्थानीय शासन सा.वि. कार्यक्रम | ३०५०००.०० | |
| | कृषीविभाग | ३२४४३४९.२१ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४९६४६६८.०० | |
| | स्वास्थ्य सेवाकार्यक्रम | २८६९१३१७.४ | | | संस्कृति प्रवर्द्धन कार्यक्रम | ५०००००.०० | |
| | शिक्षा सेवाकार्यक्रम | १६७५८८९६९.२१ | | | समाजिक सुरक्षाकार्यक्रम | ११५५०८८००.०० | |
| | संस्कृति प्रवर्द्धन कार्यक्रम | ९९७६७८.०० | | | पर्यटन पुर्वाधार बिकास कार्यक्रम | ४८३१८९४.०० | |
| | महिला बिकास | १०९७४१६.८० | | | स्थानीय तह पुर्वाधार साझेदारी का. | १४८६७९८५.०० | |
| | समाजिक सुरक्षाकार्यक्रम | ११५५०८८००.०० | | | तराई मधेश सम्बृद्धि कार्यक्रम | ९४०००००.०० | |
| | स्थानीयतह क्षमता विकास कार्यक्रम | ३०५०००.०० | | | प्रदेश सरकारको हस्तान्तरित कार्यक्रम | ४८२१६०३.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पर्यटन पुर्वाधार बिकास कार्यक्रम | ४८३१८९४.०० | | | प्रदेश स्थानीय तह पु.सा.का. | १५७९७९२७.०० | |
| | स्थानीय तह पुर्वाधार साझेदारी का. | १४८६७९८५.०० | | **५** | **सडक बोर्ड नेपाल** | | **४९६२०८०.००** |
| | तराई मधेश सम्बृद्धि कार्यक्रम | ९४०००००.०० | | **६** | **धरौटी फिर्ता** | | **१७५७६१०९.००** |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४९६४६६८.०० | | **७** | **कोष खर्च:** | | **३३०९६६७६.००** |
| | संस्कृति प्रवर्द्धन कार्यक्रम | ५०००००.०० | | | विभाज्य कोष | २८७७६३२५.०० | |
| | राजश्व बांडफांड | ८५९२१९५५.०९ | | | बिपद ब्यवस्थापन कोष | १३७२२३९.०० | |
| **४** | **सडक बोर्ड नेपाल** | **४९६२०८०.००** | **४९६२०८०.००** | | मर्मत संभार कोष | २६६६४६७.०० | |
| **५** | **प्रदेश सरकार अनूदान** | | **३०९५८३६९.८४** | | बेलबारी नगर शिक्षा कोष | २८१६४५.०० | |
| | प्रदेश स्थानीय तह पु.सा.का. | १५८७५०००.०० | | **८** | **मौज्दात** | | **१११२००८५६.२०** |
| | बित्तीय समानिकरण अनुदान | ४४२९०००.०० | | | संचित कोष | १०४२३०२१२.०८ | |
| | समपुरक अनुदान | १५०००००.०० | | | बिपद ब्यवस्थापन कोष | १६२७७६१.०० | |
| | राजश्व बांडफांड | ९१५४३६९.८४ | | | मर्मत संभार कोष | ६२३११.०० | |
| **६** | **जनसहभागिता (नगद)** | **३०८६७७७२.४१** | **३०८६७७७२.४१** | | बेलबारी नगर शिक्षा कोष | १००६१.०० | |
| **७** | **धरौटी** | **१७७९३९९९.००** | **१७७९३९९९.००** | | कर्मचारी कल्याण कोष | १६०००००.०० | |
| **८** | **कोष** | | **३१९९९६२५.००** | | खानेपानी तथा सरसफाई कोष | ३१८९१८.०० | |
| | विभाज्य कोष | २८७७६३२५.०० | | | विभाज्य कोष | ०.०० | |
| | बिपद ब्यवस्थापन कोष | ३००००००.०० | | | धरौटी | ३३५१५९३.१२ | |
| | बेलबारी नगर शिक्षा कोष | २२३३००.०० | | | नगद | . | |
| | **कुल जम्मा** | | **८९०३२३४९२.२३** | | **कुल जम्मा** | | **८८९०६४६९६.२३** |
| | | | | | | | १२५८७९६.०० |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>वजेट पेश गर्ने तथा पारित गर्ने: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ। तदअनुरुप यस नगरपालिका सभाले २०७५।०३।३०मा आर्थिक बर्ष २०७५।७६ को आय व्यय बिबरण पारीत गरेको छ।</td><td></td></tr>
<tr><td>२.</td><td>मौज्दात फरक परेको :आर्थिक बर्षको अन्तमा निम्न कोषहरुमा रहेको मौज्दातमा निम्नानुसार फरक परेकोले बैक रिकन्सिलेसन गरि हिसाव मिलान हुनु पर्ने देखिएकोछ।
<table>
<tr><th>विवरण</th><th>श्रेस्ता अनुसार रकम</th><th>बैक अनुसार रकम</th><th>फरक रकम</th></tr>
<tr><td>विपद व्यबस्थापन कोष</td><td>१६२७७६१</td><td>१६४४२७३</td><td>१६५१२</td></tr>
<tr><td>मर्मत सम्भार कोष</td><td>६२३११</td><td>१७२३१८</td><td>११०००७</td></tr>
<tr><td>बेलवारी नगर शिक्षा कोष</td><td>१००६१</td><td>४७४३१</td><td>३७३७०</td></tr>
<tr><td>खानेपानी तथा सरसफाई कोष</td><td>३१८९१८</td><td>३२२८८८</td><td>३९७०</td></tr>
<tr><td>जम्मा</td><td>२०१९०५१</td><td>२१८६९१०</td><td>१६७८५९</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.</td><td>सेवा प्रवाह स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ। यस गाउँपालिका तथा अन्तर्गतका वडाबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेकोछ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.सं</th><th>विवरण</th><th>सेवा प्राप्तिका लागि निवेदन संख्या</th><th>सिफारिस संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>२७८३</td><td>२७८३</td><td></td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>४२५१</td><td>४२५१</td><td></td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>११००</td><td>११००</td><td></td></tr>
<tr><td>४</td><td>जन्म, मृत्यु दर्ता</td><td>६८५८</td><td>६८५८</td><td></td></tr>
<tr><td>५</td><td>अन्य</td><td>९९८५</td><td>९९८५</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४.</td><td>बार्षिक लक्ष्य, प्रगतिको अवस्था: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगति बिवरण तयार गरी पेश गर्नुपर्ने र नियम २६ मा उक्त बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्षको लक्ष्य तथा प्रगति विवरणमा तयार गरेको देखिएन। यसबाट तोकिएका कार्यक्रमहरु सञ्चालन नहुने हुँदा तोकिएको लक्ष्यअनुसार प्रगतिको समीक्षा गरी समयमा प्रगति हासिल गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।</td><td></td></tr>
<tr><td>५.</td><td>आन्तरिक नियन्त्रण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।<br>● नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन।<br>● वडा कार्यालय र विषयगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको अवस्थामा जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | देखिएको ।<br>● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>● महालेखा नियन्त्रक कार्यालयबाट २०७४ कार्तिकमा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार राजश्व तर्फ एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>● मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन ।<br>● सवारी साधनको अध्यावधिक लग बुक तयार गरी इन्धन खर्चको व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो गरेको पाइएन ।<br>● नियमित जिन्सी निरीक्षण गरी सबुत सामान, मर्मत हुन सक्ने, मर्मत हुन नसक्ने सामानको विवरण तयार गरी जिन्सी सामानको सुनिश्चितता गरेको पाइएन ।<br>● भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयले भ्रमणबाट फर्केका पदाधिकारीबाट भ्रमण प्रतिवेदन लिने र भ्रमण अभिलेख राखि भ्रमण खटाउने पदाधिकारीहरुको खर्चको विश्वसनिय आधार प्रमाण स्थापित हुने गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।<br>● चलती सवारी साधन र मेशिनरी औजार मर्मत गर्दा अनिवार्य रुपमा म.ले.प. फारम नं. २ मर्मत अभिलेख तयार गर्नुपर्नेमा सो गरेको पाइएन ।<br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ । | |
| ६. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । | |
| ७. | **एकीकृत आर्थिक संकेत :** सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरि एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा नगरपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः नगरपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ८. | **मध्यकालीन खर्च संरचना :** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br>(क) प्रस्तावित योजनाको उद्देश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई,<br>(ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,<br>(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,<br>(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए | |

<table>
<tr><td></td><td>नभएको यथार्थ विवरण ।</td><td></td></tr>
<tr><td>९.</td><td>चौमासिक विवरण :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालये चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>आन्तरिक लेखापरीक्षण: स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ७७(२) अनुसार स्थानीय तहले कानून बमोजिम आफनो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने छ । आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुन अगावै सम्परीक्षण गर्नु पर्ने व्यबस्था रहेकोछ । कार्यालयले अन्तरिक लेखापरीक्षले उल्लेख गरेको कैफियत हरु फछ्र्यौट गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>११.</td><td>आन्तरिक नियन्त्रण प्रणाली:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफनो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई बिश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफनो कामको प्रकृति  अनुसारको आन्तरिक नियन्त्रण प्राणाली तयार गरि कार्यान्वयन गर्नु  पर्नेछ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान अनुगमन तथा मूल्याङकन जस्ता  विषयलाई समेत समेटनु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणलीको अनुगमन गर्नको लागि गाउँपालिका वा नगरपालिकाका अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यबस्था मिलाउनु पर्ने व्यबस्था रहेको छ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>योजना छनौट :स्थानीय सरकार संचालन ऐन, २०७४को दफा २४ तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ ।<br>(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,<br>(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,<br>(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,<br>(घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,<br>(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने<br>(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,<br>(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने,<br>(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्‍याउने, आदी ।<br>नगरपालिकाले योजना तर्जुमा तथा बजेट निर्माण गर्दा उपरोक्त आधारमा गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>नगरपालिकाले विभिन्न टुक्रे योजनाहरु सञ्चालन गरेको र ५ लाखभन्दा कमका २०० भन्दा बढी योजनाहरु सञ्चालन गरेको छ । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दीगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजनामा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यन्वयनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>न्याय सम्पादन :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार नगरपालिकाको उप-मेयरको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।<br><table><tr><td>दर्ता भएका विवाद</td><td>फछ्र्यौट/अदालत पठाएको विवाद</td><td>फछ्र्यौट हुन बाँकी विवाद</td></tr><tr><td>५१७</td><td>४२५</td><td>८२</td></tr></table>उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

१५. **स्थानीय कानुन निर्माण र कार्यान्वयन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) अनुसार बनेका ऐन र दफा १०२(२) अनुसार ऐनको अधिनमा रही कार्यपालिकाले बनाएका नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरु दफा १०२ (३) अनुसार स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले हाल सम्म ११ वटा ऐन ३ वटा नियमावली , १५ कार्यविधि र १ आचारसंहिता निर्माण गरी राजपत्रमा प्रकासित गरेको बिबरण उपलव्ध गराएको छ ।
तसर्थ तोकिएको कानूनी व्यवस्था बमोजिम कानून निर्माण, प्रकाशन र कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

१६. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ५१ जना रहेपनि पदपूर्ति २१ रहेको देखियो । अधिकृत ३ सहित ३० पद रिक्त रहेका छन । दर्वन्दी भित्र र दर्बन्दी बाहेकका समेत १४ पदमा करारमा कर्मचारी राखि कार्य संचालन गरि रहेको छ। निजामति सेवा नियमावली अनुसार कर्मचारीको नियुक्ती र पदपूर्ति हुनु पर्दछ। दरवन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको छ।

**नगरपालिका चालु**

१७. **पदाधिकारी थप सुविधाः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची १ (ख) अनुसार तोकिएको सेवा सुविधाको अतिरिक्त नगर परिषदको निर्णयानुसार नगर प्रमुखलाई रु. २२,०००/-, नगर उप प्रमुखलाई रु. १४,५००/-, वडाअध्यक्षलाई रु. १३,०००/-कार्यपालिका सदस्यलाई रु. ५,५००/-र वडा सदस्यलाई मासिक रु. २,५००/- का दरले थप सुविधा भुक्तानी भएको देखियो । ऐन विपरित निर्णय गरेर भुक्तानी भएको रकम गतबर्षको रु. ३८,५२,०००।- समेत हालसम्म असुल भएको छैन । यसबर्षको रु. ३८,५२,०००/- असुल गर्नुपर्ने रु. ३८५२०००/-

| पदाधिकारी | संख्या | पाउने सुविधा | थप रकम | कुल महिना | थप भुक्तानी |
|---|---|---|---|---|---|
| नगर प्रमुख | १ | २३००० | २२००० | १२ | २६४००० |
| नगर उप प्रमुख | १ | २०५०० | १४५०० | १२ | १७४००० |
| वडा अध्यक्ष | ११ | १२००० | १३००० | १२ | १७१६००० |
| कार्यपालिका सदस्य | ८ | ६५०० | ५५०० | १२ | ५२८००० |
| वडा सदस्य | ३९ | ४५०० | २५०० | १२ | ११७०००० |
| **जम्मा** | | | | | **३८५२०००** |

१८. **पदाधिकारी चाडपर्वः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को उप दफा ४ अनुसार नगरपालिकाका पदाधिकारीले रु. १०,००० नबढ्ने गरी सभाले स्वीकृत गरि कार्यपालिकाले निर्णय गरेबमोजिम चाडपर्व खर्च पाउने उल्लेख छ । नगरपालिकाले पदाधिकारीहरुलाई ऐनमा व्यवस्था भएको भन्दा बढी दरले चाडपर्व खर्च भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु. २४१०००/-

| पदाधिकारी | संख्या | भुक्तानी रकम | पाउने रकम | थप रकम | थप भुक्तानी |
|---|---|---|---|---|---|
| नगर प्रमुख | १ | ४५००० | १०००० | ३५००० | ३५००० |
| नगर उप प्रमुख | १ | ३५००० | १०००० | २५००० | २५००० |
| वडा अध्यक्ष | ११ | २५००० | १०००० | १५००० | १६५००० |
| कार्यपालिका सदस्य | ८ | १२००० | १०००० | २००० | १६००० |
| वडा सदस्य | ३९ | १०००० | १०००० | ० | ० |
| **जम्मा** | | | | | **२४१०००** |

१९. **दोहरो बैठकः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ। उक्त ऐन बमोजिम नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यले कार्यपालिका बैठक , समिति उप समितिको बैठक वा वडा समितिको बैठकमा जतिसुकै पटक सहभागी भएपनि एक महिनामा ३ वटा बैठकको मात्र भत्ता पाउने उल्लेख छ । वडा अध्यक्षहरु तथा नगरपालिका

| | | |
|---|---|---|
| | सदस्यहरुलाई वडा समितिको नियमित बैठक भत्ता वितरण गरेकोमा कार्यपालिका बैठकको भत्ता पुनः ३ वटा भन्दा बढी हुने गरी वितरण गरेको पाइयो । ऐनमा व्यवस्था भएको भन्दा बढी बैठक भत्ता वितरण गरेको रकम रु. ४,१६,०००/- सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ४१६०००/- |

| सि.नं | पदाधिकारी नाम | पद | दर | संख्या | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १. | चक्र बहादुर खुलाल | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| २. | घनश्याम गौतम | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ३. | योगेन्द्र प्रसाद सुवेदी | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ४. | रामकुमार राई | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ५. | विश्वबन्धु बस्नेत | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ६. | उदय बहादुर राई | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ७. | चेत बहादुर बस्नेत | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ८. | धमपति गौतम | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ९. | नगेन्द्र खड्का | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| १०. | गंगा बहादुर याखा | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ११. | यम बहादुर पोखरेल | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| १२. | बिन्दुकला गुरुङ्ग | कार्यपालिका सदस्य | २००० | १३ | २६००० |
| १३. | खिनामाया थापा | कार्यपालिका सदस्य | २००० | १३ | २६००० |
| १४. | सुनिता चौधरी | कार्यपालिका सदस्य | २००० | १३ | २६००० |
| १५. | सुजान कुमारी राजवंशी | कार्यपालिका सदस्य | २००० | १३ | २६००० |
| १६. | गिता गिरी | कार्यपालिका सदस्य | २००० | १३ | २६००० |
| | **जम्मा** | | | | **४१६०००** |

| | | |
|---|---|---|
| २०. | **सल्लाहाकार :** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को उपदफा ३ अनुसार कार्यपालिकाको निणर्य बमोजिम एक जना निजी सचिवको रुपमा राख्न पाउने व्यवस्था छ । सोहि व्यवस्था अनुरुप नगर प्रमुखलाई एक जना निजी सचिवको व्यबस्था गरेको अलावा देहायका ५ जना व्यक्तिहरुलाई विभिन्न सल्लाहाकार नियुक्त गरेको पाइयो । ऐनमा व्यवस्था नभएको सल्लाहाकार नियुक्त गरी नगरपालिकालाई थप आर्थिक व्ययभार पर्ने गरि खर्च लेखेको रकम असुल गर्नु पर्ने रु. | १३०००००/- |

| क.स. | नाम | पद | मासिक पारिश्रमिक | चाडपर्व खर्च | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|
| १ | श्री हर्कमान तामाङ्ग | योजना तथा आर्थिक सल्लाहकार | २५००० | २५००० | ३२५००० |
| २ | श्री योगेन्द्र बस्नेत | शैक्षिक सल्लाहकार | २०००० | २०००० | २६०००० |
| ३ | श्री शिव बराल | राजनैतिक सल्लाहकार | २०००० | २०००० | २६०००० |
| ४ | श्री मुक्तिनाथ सुवेदी | कानूनी सल्लाहकार | २०००० | २०००० | २६०००० |
| ५ | श्री उत्तम पोखेल | संचार संयोजक | १५००० | १५००० | १९५००० |
| | | **जम्मा** | | | **१३०००००** |

| | | |
|---|---|---|
| २१. | **होटल वास खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा भ्रमण गर्ने कर्मचारी वा पदाधिकारीले भ्रमण गर्दा पाउने खर्चको उल्लेख छ । उक्त नियममा व्यवस्था भए अतिरिक्त नगर प्रमुखको भ्रमण भत्ता भुक्तानी गर्दा होटलबास तथा खाना खर्चको विल समेत पेश गरी भुक्तानी गरेको पाइयो । नियमावलीमा व्यवस्था नभएको होटल वास तथा खाना खर्च लेखेको रु. ३,४२,९३९/-असुल गर्नुपर्ने रु. | ३४२९३९/- |

| गो.भौ.नं. | भ्रमण स्थान | भुक्तानी रकम |
|---|---|---|
| ६३-०७५/६/१० | काठमाण्डौं | १७६५२१ |
| ८८१-०७६/२/१९ | विराटनगर | ९९५२७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ९१०-०७६/२/२६ | विराटनगर | ६६८९१ | |
| | | | **जम्मा** | **३४२९३९** | |

| | | |
|---|---|---|
| २२. | **आर्थिक साहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन । आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड , सिमा र कार्यविधी नगर परिषदबाट पारित गरी लागु गरेको पनि देखिएन । कार्यक्रम अन्य सामाजिक सहायता शिर्षकमा रु. १०००,०००/-विजियोजन भएकोमा रु.३४,४०,०००।- रकम खर्च गरेको देखियो । साथै आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा नगर प्रमुखको तोक आदेश अनुसार रु. ६,८६,०००/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस अतिरिक्त विभिन्न वडाहरुद्धारा वडा सञ्चालन खर्च बाट विभिन्न संघ संस्थालाई निवेदनको आधारमा सहायता वितरण गरेको पाइयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड, सिमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले तोकिएको सीमा भित्र वितरण गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ । साथै विकास निर्माणका लागि विनियोजित सरकारी रकमलाई नतिजामूलक कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । | |
| २३. | **पदाधिकारी उपचार खर्चः** गाँउ तथा  नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ । उक्त ऐनमा नगरपालिकाका पदाधिकारीहरुलाई औषधि उपचार खर्च बारे कुनै पनि व्यवस्था रहेको पाइएन । नगरपालिकाका पदाधिकारीहरुलाई नगर कार्यपालिकाबाट निर्णय गरी देहाय अनुसार औषधी उपचार बापत रु. ९३,९९०/-  भुक्तानी भएको देखियो । ऐनमा व्यवस्था नभएको औषधि उपचार बापत भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु...... | ९३९९०/- |

| गो.भौ.नं. र मिति | पदाधिकारीको नाम | भुक्तानी रकम रु. |
|---|---|---|
| १७८-०७५/६/२८ | वडा सदस्य गणेश बहादुर माझी | ५३९९० |
| ५५०-०७५/१२/३ | वडा सदस्य तारा दर्जि | ४०००० |
| | **जम्मा** | **९३९९०** |

| | | |
|---|---|---|
| २४. | **नगर प्रमुखको भ्रमण भत्ता :** ५९४-०७५।१२।१४ नगरपालिकाले नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीलाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृती लिई स्वास्थ्य परिक्षण गर्न भारतको चेन्नाईमा मिति २०७५।७।१२ देखि  २०७५।७।१९ सम्म भ्रमण गरे बापत दैनिक भ्रमण भत्ता रु. ४०,०८५/-भुक्तानी लिएको देखियो । पदाधिकारीको निजी स्वास्थ्य परीक्षण गर्न जाँदा नगरपालिकाबाट भ्रमण खर्च लेखेको रकम असुल गर्नुपर्ने रु. | ४००८५/- |
| २५. | **ग्रैह सरकारी संस्थाबाट कार्यक्रम/तालिम सञ्चालनः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सूँची मा रहेका गैह्र सरकारी संस्थावाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा संग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यकता, किसीम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत मूल्यांकन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न लक्षित समूह तथा वर्गको लागि विभिन्न कार्यक्रम तथा तालिम सञ्चालन गर्नको लागि छनौट भएको संघ संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शि रहेको पाइएन । साथै विभिन्न कार्यक्रम तथा तालिम वडा कार्यालयले आफै कार्यदेश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत इस्टीमेट तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । | |

| भौ.नं. | सञ्चालन गर्ने | तालिम तथा कार्यक्रम | रकम रु. |
|---|---|---|---|
| १४९ | इष्ट नेपाल टेक्निकल कलेज | सि.सि.टि.भि.मर्मत तथा जडान तालिम | २५०००० |
| १६७ | ए.वि.सि.नन ओभन झोला उद्योग | गुडिया खेलौना निर्माण तालिम | ६०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १७७ | आर.टि.के.इन्सचिट्युट अफ होटल मेनेजमेन्ट एण्ड टुरिजम | फुड एण्ड बेभरेज सर्भिस सम्बन्धी १ महिने तालिम | २९६१४० | | |
| | ३७३ | लेट्स इन्टरटेनमेन्ट प्रा.लि. | कविता वाचन प्रतियोगीता | ४०००० | | |
| | ३९६ | ए.वि.सि.नन ओभन झोला उद्योग | अगरबत्ति बनाउने तालिम | ५०००० | | |
| | ४०९ | पाथिभारा सिप विकास तालिम केन्द्र | च्याउ खेती तालिम | १००००० | | |
| | ४०९ | पाथिभारा सिप विकास तालिम केन्द्र | पशु चौपाया गोठ खोला व्यवस्थापन तालिम | १००००० | | |
| | ४०९ | पाथिभारा सिप विकास तालिम केन्द्र | रसायनिक विषादी न्यूनिकरण सम्बन्धि तालिम | १००००० | | |
| | ४२३ | अनुग्रह ड्राईभिङ्ग सेन्टर | सवारी चालक तालिम | १००००० | | |
| | ४३५ | रुरल लिभ्लीहुड ट्रेनिङ्ग सेन्टर | वायरिङ्ग तथा पलम्बीङ्ग तालिम | ६०००० | | |
| | ४४९ | पाथिभारा सिप विकास तालिम केन्द्र | मुढा बनाउने तालिम | ५०००० | | |
| | ४४९ | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | च्याउ खेती तालिम | ५०००० | | |
| | ४४९ | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | तरकारी खेती तालिम | ५०००० | | |
| | ४९७ | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | महिला नेतृत्व विकास तालिम | ५०००० | | |
| | ५२९ | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | बेमौसमि तरकारी खेती तालिम | ५०००० | | |
| | ५२९ | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | टनेल सब्जि खेती तालिम | १३९६०० | | |
| | ५४१ | अदिती ब्युटि पार्लर एण्ड कसमेटिक | ब्युटि पार्लर तालिम | १००००० | | |
| | ५५९ | एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.लि | सिलाई कटाई तालिम | १००००० | | |
| | ५७९ | सरु ब्युटि पार्लर एण्ड कसमेटिक | ब्युटि पार्लर तालिम | १५०००० | | |
| | ५८४ | रुरल लभ्लीहुड ट्रेनिङ्ग सेन्टर | वायरिङ्ग तथा पलम्बीङ्ग तालिम | २००००० | | |
| | ५९५ | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | पशुपन्छी पालन तालिम | १००००० | | |
| | ५९५ | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | ड्राईभिङ्ग तालिम | १००००० | | |
| | ५९५ | पाथिभारा सिप विकास तालिम केन्द्र | ब्युटि पार्लर तालिम | ५०००० | | |
| | ५९५ | पाथिभारा सिप विकास तालिम केन्द्र | आधारभुत कम्प्यूटर तालिम | १४७५०० | | |
| | ५९७ | र्‍यापिड ल्याङ्गवेज एण्ड आई टि सेन्टर | आधारभुत कम्प्यूटर तालिम | १५०००० | | |
| | ६१७ | फ्रेण्डस ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टर | महिलालाई सवारी चालक तालिम | २५०००० | | |
| | ६२० | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | पुष्प खेती तालिम | ५०००० | | |
| | ६२० | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | बेमौसमि तरकारी खेती तालिम | ५०००० | | |
| | ६२० | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | परियोजना प्रस्ताव लेखन तालिम | ६०००० | | |
| | ६२७ | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | हाउस वायरिङ्ग तालिम | ५०००० | | |
| | ६३२ | इन्द्रपुर ड्राईभिङ्ग सेन्टर | सवारी चालक तालिम | ६०००० | | |
| | ६७० | फ्रेण्डस ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टर | सवारी चालक तालिम | ७५००० | | |
| | ६९२ | एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.लि | आधारभुत तालिम | २००००० | | |
| | ६९३ | अभ्यास नेपाल | महिला सशक्तिकरण प्रशिक्षण तथा तालिम | ६०००० | | |
| | ६९४ | ए.वि.सि.नन ओभन झोला उद्योग | सिलाई कटाई तालिम | ७०००० | | |
| | ६९५ | अल इलेक्ट्रोनिक्स एण्ड टेक्नीकल इन्सचिटयुट | ड्राईभिङ्ग तालिम | २५०००० | | |
| | ६८९ | एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.लि | आधारभुत कम्प्यूटर तालिम | १००००० | | |
| | ६९० | एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.लि | मोबाइल मर्मत तालिम | १५०००० | | |
| | ७३८ | व्यवसाय तथा वित्तिय विकास केन्द्र | ब्याग बनाउने तालिम | २००००० | | |
| | ८२० | फ्रेण्डस ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टर | सवारी चालक तालिम | २४८६०० | | |
| | ८७० | सोसियल इन्फ्रास्ट्रक्चर म्यानेजमेन्ट प्रा. लि. | गुडिया बनाउने तालिम | १२४६०० | | |
| | ८७० | सोसियल इन्फ्रास्ट्रक्चर म्यानेजमेन्ट प्रा. लि. | च्याउ खेती तालिम | १००००० | | |
| | ८७० | सोसियल इन्फ्रास्ट्रक्चर म्यानेजमेन्ट प्रा. लि. | महिलाहरुलाई उद्योषण तालिम | ५०००० | | |

| | | | |
|---|---|---|---|
| ८७० | सोसियल इन्फ्रास्ट्रक्चर म्यानेजमेन्ट प्रा. लि. | पशुपालन तालिम | ५०००० |
| ८७० | सोसियल इन्फ्रास्ट्रक्चर म्यानेजमेन्ट प्रा. लि. | बेमौसमि तरकारी खेती तालिम | ५०००० |
| ८७० | सोसियल इन्फ्रास्ट्रक्चर म्यानेजमेन्ट प्रा. लि. | बेमौसमि तरकारी खेती तालिम | १००००० |
| ८९९ | सोसियल इन्फ्रास्ट्रक्चर म्यानेजमेन्ट प्रा. लि. | मुढा बनाउने तालिम | ५०००० |
| ८९९ | सोसियल इन्फ्रास्ट्रक्चर म्यानेजमेन्ट प्रा. लि. | अचार बनाउने तालिम | १००००० |
| ८९९ | पाथिभारा सिप विकास तालिम केन्द्र | अचार बनाउने तालिम | १००००० |
| ९०७ | एडभान्स कम्प्यूटर इन्सचिट्युट | कम्प्यूटर तालिम | ५०००० |
| ९९९ | ए.वि.सि.नन ओभन झोला उद्योग | ब्युटि पार्लर तालिम | १००००० |
| | **जम्मा** | | **५३९१४४०** |

२६. **उपभोक्ता मार्फत कार्यक्रमः** लक्षित वर्गका कार्यक्रम संचालन गर्दा प्रत्येक कार्यक्रमका लागि कार्यक्रमसम्बन्धी पृष्ठभूमि र उद्देश्य, आधारभूत तथ्यांक तथा उपलब्ध गराउनुपर्ने भौतिक सुविधा वा उपकरणहरु सहितको कार्य क्षेत्रगत शर्त बनाई स्वीकृत नर्म्सअनुसार लागत अनुमान तयार गर्नु पर्दछ । नगरपालिकाले विभिन्न लक्षित समूह तथा वर्गको लागि विभिन्न कार्यक्रम तथा तालिम सञ्चालन गर्नको लागि विभिन्न सामाजिक कार्य गर्ने गैह्र नाफामुलक संघ संस्थाहरुलाई सोझै छनौट गरेको पाइयो । साथै विभिन्न उपभोक्ता समिति तथा टोल विकास समिति समेत गठन गरी कार्यक्रमहरु गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत इस्टीमेट तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । छनौट भएका संस्थाले विभिन्न कार्यक्रम गर्दा आफ्नो बिजक समेत जारी गरेको पाइएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी योजनाहरुको छनौट गर्नु पर्दछ । साथै यस्तो तालिमहरु सञ्चालन गर्न सक्षम संस्था छनौट गरी संस्था छनौट प्रकृयालाई पारदर्शि बनाउने र विशेष शिप तथा क्षमता भएको व्यक्ति तथा सँस्थाबाट यस्तो कार्यक्रम सञ्चालन गर्ने व्यवस्था हुनु पर्दछ ।

| भौ.नं. | सञ्चालन गर्ने | तालिम तथा कार्यक्रम | रकम रु. |
|---|---|---|---|
| १७६ | हरिनारायण टोल महिला विकास समिति | च्याउ खेति तालिम तथा वितरण | १००००० |
| १८९ | सदभाव टोल विकास समिति | महिलाहरुलाई सिपमुलक अचार बनाउने तालिम | ५०००० |
| १९७ | जेष्ठ नागरिक एकता समन्वय केन्द्र | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १००००० |
| २९९ | शान्ति टोल विकास समिति | च्याउ खेति तालिम | ५०००० |
| ३५१ | अपाङ्गता भएका व्यक्तिहरुको समुह | अपाङ्ग दिवस सचेतना कार्यक्रम | ९०००० |
| ३५२ | बेलबारी नगर महिला सञ्जाल | लैङ्गिक हिंसा विरुद्धको अभियान | २०००० |
| ३६१ | खानेपानी तथा सरसफाई उ.स. | टोल सरसफाई कार्यक्रम | ५०००० |
| ३६४ | समुदायमा आधारित पुर्नस्थापन | अपाङ्गता भएका व्यक्तिहरुलाई सामाग्री वितरण | ३८६२२५ |
| ३६७ | अन्जु कुमारी खड्का | महिला उद्योषण तालिम | ५०००० |
| ३७० | ग्रामिण महिला विकास केन्द्र | उद्योषण तालिम | ५०००० |
| ३७४ | श्रष्ठा समाज बेलबारी | साहित्य गोष्ठी कार्यक्रम आयोजना | २००००० |
| ४१९ | नेपाल पिछडावर्ग महासंघ | महिला हिंसा सम्बन्धि तालिम | ३०००० |
| ४३५ | श्री मैनावारी कृषि टोल विकास संस्था | बेमौसमी तरकारी खेती तालिम | ५०००० |
| ४५९ | बिजुली अफिस टोल विकास संस्था | च्याउ खेति तालिम | ५०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४६३ | अपाङ्गता भएका व्यक्तिहरुको समुह | बंगुरपालन तालिम | ३५००० | | |
| | ५०६ | छ ताराघारी कृषक समुह | रसायनिक मल विषादी न्युनिकरण तालिम | १००००० | | |
| | ५४३ | मालपोत टोल विकास संस्था | च्याउ खेति तालिम | ५०००० | | |
| | ५७६ | दलित उ.स. | कृष्टल बनाउने तालिम | ३०००० | | |
| | ५९७ | श्री सुन्दर टोल विकास संस्था | च्याउ खेति तालिम | ५०००० | | |
| | ६०१ | महिला उद्यमशिलता तथा क्षमता विकास उ.स. | ब्युटीपार्लर तालिम | २००००० | | |
| | ६०४ | नेपाल पिछडावर्ग महासंघ | पिछडिएका वर्गलाई सामाग्री वितरण | ५०००० | | |
| | ६०७ | नेपाल आदिवासी जनजाती महासंघ | उद्योषण तालिम, भेष भुषा संरक्षण कार्यक्रम | १४०००० | | |
| | ६०८ | नेपाल आदिवासी जनजाती महासंघ | धिमाल जातिको पोषाक उद्योग तालिम | १००००० | | |
| | ६४१ | नेपाल आदिवासी जनजाती महासंघ | उद्योषण तालिम | ५०००० | | |
| | ६५५ | श्रमिक महिला समुह | उद्योषण तालिम | ६०००० | | |
| | ६६४ | साल्गी भट्टराई | अभिमुखिकरण तालिम | ७५००० | | |
| | ८३० | कुरोदय मार्सल आर्ट समिति | आत्म संरक्षण तालिम | १००००० | | |
| | ८३१ | खानेपानी तथा सरसफाई उ.स. | सरसफाई सचेतना कार्यक्रम | १५०००० | | |
| | ८३२ | नेपाल कपडा सिलाई व्यवसायी महासंघ | कपडा सिलाई प्रशिक्षण | ५०००० | | |
| | ८३२ | किरात भाषा तथा लिपि संरक्षण समिति | किरात लिपि संरक्षण कार्यक्रम | ५०००० | | |
| | ८३२ | किरात राई योक्खा नगर समिति | शिरिजंगा लिपि प्रशिक्षण काययर्क्रम | १००००० | | |
| | ८४८ | डाँगीहाट जागरण बाल क्लब संजाल | बाल हिंसा सचेतना कार्यक्रम | १००००० | | |
| | ८५२ | वातावरण संरक्षण तथा सामाजिक समाज | सरसफाई कार्यक्रम | २००००० | | |
| | ८५७ | जनमार्ग वृक्षारोपन उ. स. | जनमार्ग वृक्षारोपन कार्यक्रम | १००००० | | |
| | ९२९ | नेपाल पिछडावर्ग महासंघ | विद्युतिय तराजु वितरण | ५०००० | | |
| | ९३६ | आदिवासी जनजाती समिति | साँस्कृति जगेर्ना कार्यक्रम | १५०००० | | |
| | ९४८ | सृजना पार्क निर्माण उ.स. | सृजना पार्क कम्पाउण्ड निर्माण | १९९७८५ | | |
| | ९५१ | बेलबारी साहित्य विकास समिति | कला तथा साहित्य महोत्सव | ३५०००० | | |
| | १०१७ | धनपाल पकेट संचालन समिति | कृषि पकेट कार्यक्रम | १७२२७८ | | |
| | १०२२ | नेपाल आदिवासी जनजाती महासंघ | विभिन्न तालिम | २५०००० | | |
| | ८८३ | डाँगीहाट जागरण बाल क्लब सञ्जाल | बाल हिंसा न्युनिकरण तालिम | ६०००० | | |
| | ८९३ | मिलन बाल क्लब | हाजिरी जवाफ प्रतियोगीता | ३५००० | | |
| | ९०१ | तमु गुरुङ्ग राष्ट्रिय परिषद | गुरुङ्ग तमु लिपी प्रशिक्षण कार्यक्रम | १००००० | | |
| | ९०६ | नेपाल आदिवासी जनजाती महासंघ | संस्कृति प्रर्वद्धन कार्यक्रम | ४००००० | | |
| | ९०९ | खानेपानी तथा सरसफाई उ.स. | स्वास्थय उपचार सचेतना कार्यक्रम | १४०००० | | |
| | ९२३ | परिश्रमि सामाजिक उद्दमी महिला सहकारी संस्था | पशु स्वास्थ्य शिविर कार्यक्रम | ५०००० | | |
| | ९५६ | श्री ध्रुवतारा आमा समुह | व्यापार व्यवसाय तालिम | २००००० | | |
| | ९६२ | नेपाल पिछडावर्ग महासंघ | सिलाई कटाई तालिम | २००००० | | |
| | ९८० | शान्ति टोल विकास समिति | चर्पि निर्माण | २५०००० | | |
| | ९९४ | अपाङ्गता भएका व्यक्तिहरुको समुह | अगरबत्ति बनाउने तालिम | २००००० | | |
| | १०४७ | नेपाल पिछडावर्ग उ.स. | ब्युटीपार्लर तालिम | ५०००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १०५६ | नेपाल आदिवासी जनजाती महासंघ | परियोजना प्रस्तावना लेखन | १००००० | |
| | १०५८ | नेपाल आदिवासी जनजाती महासंघ | उद्योषण तालिम | १००००० | |
| | १०५९ | ज्योती प्रगतिशिल महिला विकास अभियान | कृष्टल माला बनाउने तालिम | २५०००० | |
| | | **जम्मा** | | **६३७३२८८** | |

२७. **विभिन्न संघ संस्था सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख गरेको छैन । नगरपालिकामा आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा भएको ठाडो तोक आदेश अनुसार विभिन्न कार्यक्रमबाट संघ संस्थाहरुलाई आर्थिक सहायता वितरण गरेको पाइयो । नगरपालिकाले विभिन्न टोल विकास समितिलाई व्यवस्थापन खर्च , जेसिज, प्याबसन आदि जस्ता विभिन्न ग्रैह सरकारी तथा निजी संस्था तथा विभिन्न राजनैतिक समितिहरुलाई अधिवेशन, सम्मेलन जस्ताकार्यहरुको लागि खर्च उपलब्ध गराएको उचित देखिएन । नगरपालिकाले विकास निर्माणका लागि प्राप्त रकम खर्च गर्दा आवश्यकत्ता पहिचान गरी नतिजामूलक कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको पाइयो । विभिन्न संध संस्थालाई वितरण गरेको आर्थिक सहायताहरुको केही उदाहरण देहायअनुसार छनः

| **भौ.नं.** | **संस्थाको नाम** | **रकम रु.** |
|---|---|---|
| ७४२ | प्रकृति मानव केन्द्रित जनअभियान नेपाल | ५०००० |
| ७६० | श्री ध्रुवतारा आमा समुह | ५०००० |
| ८५६ | राष्ट्रिय आदिवासी जनजाती महासंघ | ५०००० |
| ११४५ | नेपाल आदिवासी जनजाती महासंघ | १००००० |
| ११०५ | नेपाल पिछडावर्ग महासंघ | १००००० |
| ११०४ | नेपाल पिछडावर्ग महासंघ | २४७४०० |
| ९० | बेलबारी जेसिज | १००००० |
| १४८ | नेपाल आदिवासी जनजाती महासंघ | १००००० |
| १४६ | अपाङ्गता भएका व्यक्तिहरुको समुह | ५०००० |
| १९० | सदभाव टोल विकास संस्था | ५०००० |
| २०२ | अन्तरक्रिया आयोजक समुह | ११०००० |
| ३६९ | बेलबारी जेसिज | १००००० |
| ४६७ | एम्ब्रियो युवा क्लब | १००००० |
| ५१२ | दलितवर्ग उत्थान समिति | ५०००० |
| ५६७ | नेपाल आदिवासी जनजाती महासंघ | ५०००० |
| ६१० | नेपाल जुनियर रेडक्रस सँकल | ५०००० |
| ६१५ | बेलबारी जेसिज | १००००० |
| ५८८ | प्याबसन मोरङ्ग | २५००० |
| ७१४ | डाँगीहाट युथ क्लब | ५०००० |
| ७३० | धिमाल विद्यार्थी मञ्च | ५०००० |
| ७३६ | धिमाल जाति विकास केन्द्र | १००००० |
| ७६४ | नेपाल कम्युनिस्ट पार्टि रक्तदान कार्यक्रम | १००००० |
| ७८८ | डाँगीहाट जागृति युवा क्लब | १००००० |
| ८१३ | नेपाल पिछडावर्ग महासंघ | ५०००० |
| ८१५ | जेष्ठ नागरिक जनचेतना संचालक समिति | १००००० |
| ८१६ | ब्रह्मकुमारी राजयोग उप-सेवा केन्द्र | १००००० |
| ८६१ | सिसौली भजन कृतन मण्डली | ५०००० |

| | | |
|---|---|---|
| ९५३ | मदनमोहन आश्रित पुष्परत्न साँस्कृतिक भवन | ७१२०८ |
| ९७५ | किरात राइ यायोक्खा केन्द्रीय कार्य समिति | ५०००० |
| ९६० | प्याव्सन मोरङ्ग | २५००० |
| ९७९ | महाराजा ग्रामथान टोल विकास संस्था | ७०००० |
| १०४२ | नेपाल नगरपालिका संघ | ५०००० |
| १०५० | आसरा सुधार केन्द्र | २१३०१३ |
| | **जम्मा** | **२६६१६२१** |

२८. **कर्मचारी प्रोत्साहनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवा शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघिय कानुन वमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकाले तोके वमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके वमोजिम हुने व्यवस्था छ। नगर कार्यपालिकाको निर्णयानुसार नगरपालिकामा कार्यरत विभिन्न कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप देहायका शिर्षक अन्तगर्त दोहरो तेहरो हुने गरी कुल रु. ८३,४५,५९८/-वित्तिय समानिकरण चालु अनुदान शिर्षकबाट भुक्तानी भएको देखियो। उक्त सुविधा संघिय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले प्रोत्साहन स्वरुप लेखिएको खर्च अनियमित देखिएको रु.... ८३४५५९८/-

| **गो.भौ.नं.** | **विवरण** | **रकम** |
|---|---|---|
| विभिन्न | स्थायी करार तथा विषयगत शाखा प्रमुखलाई तलब भत्ताको २८ प्रतिशत १२ महिना सम्म | ६५०६६३१ |
| विभिन्न | प्रशासनिक कर्मचारीहरुलाई अन्य भत्ता १३ जना १२ महिना विभिन्न दर | ६९१००० |
| विभिन्न | प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता १८ जना १२ महिना विभिन्न दर | ७९९५०० |
| ११०० | नगर सभाको काम गर्ने १२ कर्मचारीहरुलाई १ महिना बराबरको तलब | ३४८४६७ |
| | **जम्मा** | **८३४५५९८** |

२९. **एकिकृत हातेमेलो समाजलाई भुक्तानीः** ४३०-०७५।१०।२३वालवालिका सम्वन्धि अवस्था विश्लेषण प्रोफायल तयार गरेवापत एकिकृत हातेमालो समाज नेपाललाई गत आ.व.२०७४/०७५को रु.३,००,०००/- पे.फ.गरी रु ५,००,०००/- भुक्तानी दिएको पाइयो। २०७४ चैत्र १५ गते सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सो अवधिमा कार्य सम्पन्न हुन नसकी २०७५/६/१५ मा सो संस्थाले म्याद थपको लागि निवेदन दिई २०७५ पौष सम्मको म्याद थप भएको पाइयो। लेखापरीक्षणको क्रममा गत आ.व.मा उक्त संस्था संग भएको संझौता र सर्तहरु पेश भएन साथै उक्त संस्थालाई पेश्की दिंदा कुनै जमानत समेत राखिएको पाइएन। उक्त संस्थाले पेश गरेको प्रतिवेदन नगरपालिकामा दाखिला गरी अभिलेखीकरण भएको पनि पाइएन।

३०. **क्याम्पसलाई पेश्कीः** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यहोरा उल्लेख छ। उत्त नियमावलीमा निजी क्षेत्रबाट संचालित संस्थालाई पेश्की दिने व्यवस्था नरहेकोमा नगरपालिकाले बेलवारी बहुमुखी क्याम्पसलाई शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता तथा सञ्चालन खर्चको लागि मिति २०७५।६।८ मा पेश्की स्वरुप रु. ११,००,०००/- दिएकोमा उक्त रकम भौ.नं ६८४-०७६।१।४ बाट रु. ५,००,०००/- र भौ.नं. ११५०-०७६।३।३१ बाट रु. ६,००,०००/- फिर्ता गरेको पाइयो। आर्थिक वर्षको सुरुमा निजी स्रोतबाट संचालित क्याम्पसलाई पेश्की दिने र आर्थिक वर्षको अन्त्यमा उक्त पेश्की रकम फिर्ता गरेको उचित देखिएन। गैर सरकारी संस्थालाई यसरी पेश्की दिने प्रावधानलाई निरुत्साहित पार्नु पर्दछ।

३१. **खोलाजन्य पदार्थ कर असुलीः** नगरपालिकाले खोलाजन्य पदार्थको ठेक्का नलागुन्जेल कर संकलन गर्न कार्यालय बाहेकको व्यक्ति श्री हेमराज गुरुङ्ग सँग सोझै मिति २०७५।५।२९ मा सम्झौता गरेको पाइयो सोही सम्झौता अनुरुप कर संकलन गरे बापत संकलित कर रकमको २५ प्रतिशत रकम ५७१९१/-

हेमराज गुरुङ्गलाई फिर्ता गर्ने उल्लेख भएअनुसार २०७५।६।२१ गते सम्म संकलन भएको कुल निकासी तथा विक्रि कर रु. १६,९४,५६५ /- को २५ प्रतिशत रकम रु.४,२३,६४१/- फिर्ता गरेको पाइयो । आयकर ऐन, २०५८ बमोजिम उक्त रकम भुक्तानीमा पारिश्रमिक कर रु. ६३,५४६/- कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतले रु. ६३५५/- मात्र कट्टा गरेको देखिएकोले बाँकी रकम रु. ५७,१९१/- दाखिला गर्नुपर्ने रु.

३२. **पशुहाट बजार जग्गा भाडाः** ३८६-०७५।१०।१नगरपालिकाले कार्यपालिकाको मिति २०७५।९।१२ को निर्णय बमोजिम वडा नं. ३ मा रहेको पशुहाट बजारको लागि जग्गा भाडामा उपलब्ध गराएको भनी २०७१।७२ सालमा भएको सम्झौता अनुसार रु. ३,०००/- प्रति कट्ठा का दरले आ.व. २०७२।७३ देखि २०७५।७६ माघ मसान्तसम्मको भाडा रकम रु. २,३६,०६२/- योगेन्द्र प्रसाद सुवेदीलाई भुक्तानी गरेको देखियो । गत विगतको भूक्तानी सम्वन्धमा एकिन हुन सकिएन ।

३३. **शिक्षा क्षेत्रमा अनुदानः** यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमहरु मार्फत शैक्षिक गुणस्तर वृद्धि गर्न अनुदान वितरण गरेकोमा तपशिल बमोजिमको व्यहोरा देखिन आयो :

३४. **दिवा खाजाः** विभिन्न विद्यालयकाहरुको खातामा बालवालिकालाई दिवा खाजा कार्यक्रम अन्तर्गत रु. २४,४५,५८०/- निकासा गरेको पाइयो ।

| गो.भौ.नं. | कार्य विवरण | रकम |
|---|---|---|
| ५२३ | दिवा खाजा खर्च अनुदान | १५३३७६० |
| ८३२ | दिवा खाजा खर्च अनुदान | २४०४८० |
| १००५ | दिवा खाजा खर्च अनुदान | ६७१३४० |
| | **जम्मा** | **२४४५५८०** |

३५. नगरपालिकाले यस आर्थिक वर्षमा विभिन्न विद्यालयहरुलाई शैक्षिक अवलोकन भ्रमण, खेलकुद सामग्री खरिद, बाल क्लब गठन, वाइड बोर्ड खरिद र पार्क निमार्ण, साउण्ड सिस्टम खरिद, रङ्गरोगन, फर्निचर खरिद, टि.भि. खरिद, शौक्षिक क्यालेण्डर निर्माण, कम्पाउण्ड वाल निर्माण सामाग्री खरिद , दिवा खाजा खर्च व्यवस्थापन आदि जस्ता कार्यहरु विभिन्न कार्यक्रम मार्फत गरी रु. १२,०४,५१५/- खर्च लेखेको देखियो ।

| भौ.नं. | विद्यालय नाम | कार्य विवरण | रकम |
|---|---|---|---|
| २१३ | बेलबारी बहुमुखी क्याम्पस | शैक्षिक अवलोकन भ्रमण | ५०००० |
| २८८ | प्राथमिक विद्यालय | खेलकुद सामाग्री खरिद | ७०००० |
| ३४४ | सुकुना बहुमुखी क्याम्पस | शैक्षिक अवलोकन भ्रमण | ४०००० |
| ३५० | बिरेन्द्र मा.वि. | शैक्षिक अवलोकन भ्रमण | ३०००० |
| ३६५ | रणपाल आ.वि. | बाल क्लब गठन | २०००० |
| ३६५ | सुकुना आ.वि. | बाल क्लब गठन | २०००० |
| ४४५ | जनता मा.वि. | बाल क्लब गठन | ४०००० |
| ६४५ | जनता आ.वि. | रङ्गरोगन, फर्निचर खरिद | २४९७१५ |
| ७२७ | हिमचुली अफसेट प्रेस | शैक्षिक क्यालेण्डर निर्माण | १००००० |
| ७७८ | सहिद स्मृति आ.वि. | विद्यालय कम्पाउण्ड घेरावेरा | १००००० |
| ७७९ | जनता मा.वि. | बालमैत्री स्थानीय शासन | ४०००० |
| ८७२ | सहिद स्मृति आ.वि. | खेलकुद सामाग्री खरिद | १५००० |
| ८८५ | प्राथमिक विद्यालय | टि.भि. खरिद | ३०००० |
| ८८६ | जनएकता आ.वि. | खेलकुद सामाग्री खरिद | १५००० |
| ८१७ | रणपाल आ.वि. | साउण्ड सिस्टम खरिद | १०००० |
| ९१२ | विभिन्न विद्यालय | बालविकास केन्द्र सामग्री खरिद | ५४८०० |
| ९१२ | विभिन्न विद्यालय | भर्ना अभियान खर्च | २००००० |

| | | | |
|---|---|---|---|
| ९२२ | सुकुना बहुमुखी क्याम्पस | शैक्षिक अवलोकन भ्रमण | २०००० |
| ९४७ | लक्ष्मी मा.वि. | वाइड बोर्ड खरिद र पार्क निमार्ण | १००००० |
| | **जम्मा** | | **१२०४५१५** |

३६. **न्यायीक समितिः**४८५-०७५।११।२गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ६ मा न्यायिक समितिका सदस्यले महिनामा जति पटक बैठक बसे पनी मासिक दुई पटक बैठकको मात्र भत्ता संयोजकलाई रु. १,४००/- का दरले तथा अन्य सदस्यलाई रु. १,२००/- का दरले बैठक भत्ता पाउने व्यवस्था छ । न्यायिक समिति को साउन देखि पौष महिना सम्म विभिन्न मितिमा १४ पटक बैठक बसेको भत्ता भुक्तानी भएकोमा ऐन बमोजिम जम्मा ९ वटा बैठकको मात्र भत्ता भुक्तानी हुनुपर्ने भएकोले ऐन विपरित बढी संख्यामा बैठक भत्ता भुक्तानी भएको रु. १९,०००/- असुल गर्नुपर्ने रु. १९०००/-

| **क.स.** | **नाम** | **पद** | **संख्या** | **बढी** | **दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| १ | ढाका कुमारी पराजुली | संयोजक | १४ | ९ | १४०० | ७००० |
| २ | कमला गौतम | सदस्य | १४ | ९ | १२०० | ६००० |
| ३ | धनमाया वि.क. | सदस्य | १४ | ९ | १२०० | ६००० |
| | **जम्मा** | | | | | **१९०००** |

३७. **कार्यक्रम खर्च :** नगरपालिकाले यस आर्थिक वर्ष कृषि, पशु, महिला, बालबालीका, अपाङ्ग कार्यक्रम तथा जेष्ठ नागरिक क्षेत्रमा रकम विनियोजन गरी विभिन्न कार्यक्रम सञ्चालन गरेको पाइयो । नगर स्तरमा भएको विभिन्न कार्यक्रमहरु पुनः वडा तर्फ दोहोरिने तथा नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरु अत्याधिक मात्रामा वितरणमुखी कार्यक्रमहरु जस्तै तरकारी बिउ वितरण, मल वितरण, स्प्रेयर वितरण, घाँस वितरण, सम्मान कार्यक्रम, न्यानो कपडा वितरण आदि शसर्त तथा निशर्त रुपमा पटक पटक गरेको देखिएपनी कृषि, पशु, महिला, बालबालीका तथा जेष्ठ नागरिकक्षेत्रमा उल्लेखनिय प्रतिफल ल्याएको अवस्था देखिन आएको छैन । अभिमुखिकरण, अनुगमन, ढुवानी, गोष्ठी, सम्मान कार्यक्रम तथा तालिम कार्यक्रमहरु शर्सत तथा निर्शत रुपमा मासिक तथा वार्षिक रुपमा पटक पटक सञ्चालन गरिएको पाइन्छ । नगरपालिकाले यस्ता पटके तथा वितरणमुखि खर्च नियन्त्रण गरी कार्यक्रम छनौट गर्दा यान्त्रिकरणमा जोड दिनुपर्ने र यस्ता क्षेत्रहरुमा सुधार ल्याउन दिर्घकालिन, उपलब्धीमुलक योजना बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

३८. **एकमुष्ट खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था भई स्थानिय निकायले बजेटतयार गर्दा सोही ऐनको दफा ७२ अनुसार आर्थिक बर्ष र आय व्ययको लेखा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्बन्धि ब्यबस्था अवलम्बन गर्नु पर्ने व्यवस्था छ । कार्यालयवाट विभिन्न शिर्षकमा हुने खर्च एकमुष्ट कुनै एक शिर्षकमा लेख्ने गरेको देखियो । वडा वाट हुने प्रायः सवै खर्चहरुको भुक्तानी वडा सचिववाट सोधभर्ना भुक्तानी लिएको, सोधभर्ना भुक्तानी हूंदा एउटा कुनै खर्च शिर्षक जनाई सवै प्रकारका खर्चहरुको विल समावेश गरी अधिकतम मात्रामा खाना खाजा तथा आर्थिक सहायताको विल पेश गरी सोध भर्ना भुक्तानी लिने तथा पेश्की फछ्र्यौट गर्दा सवै प्रकारका खर्चका विलहरु समावेश गरी पे.फ. गर्ने गरेको देखियो । यसवाट वास्तविक कुन खर्च शिर्षकमा के कति खर्च भयो एकिन हुन नसकि नियन्त्रण र व्यवस्थापनमा प्रभाव पर्ने हुदा नेपाल सरकारको संघीय संरचना अनुरुप सरकारका तिनै तहको आर्थिक कारोवार संचालनको लागि स्वीकृत एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या २०७४ मा उल्लेख भए अनुसारको आर्थिक अनुशासनको पालना भएको देखिएन ।

३९. **थप दस्तुरः** ६५३-०७५।१२।२७आर्थिक कार्यविधि ऐन, २०५५अनुसार सरकारी रकम खर्च गर्दा थप आर्थिक भार नपर्ने गरी खर्च गर्नु पर्ने व्यवस्था छ । विभिन्न महशुल भुक्तानी गर्दा तोकिएको समयमानै भुक्तानी गरी रिबेट पाउने व्यवस्था गर्नु पर्नेमा नगरपालिकाले विद्युत महशुल भुक्तानी गर्दा रु.११,२४८/-थप दस्तुर समेत खर्च लेखी आर्थिक भार बढाएको रकम नियमित नदेखिएको रु. ११२४८/-

४०. **खेलकुद कार्यक्रमः** नगरपालिकाले खेलकुद कार्यक्रम तर्फ विनियोजित भएको बजेट मापदण्ड

स्वीकृत नगरी विभिन्न व्यक्ति तथा समितिहरुलाई  खेलकुद सामग्री खरिद, विभिन्न खेलमा सहभागी भएबापत सहयोग, प्रोत्साहन भत्ता वितरण, प्रतियोगिता सञ्चालन आदि जस्ता कार्यक्रमहरुका लागि भुक्तानी भएको देखिएकोमा उक्त समितिहरुले खरिद गरेको सामाग्रीहरुको अभिलेख राखेको देखिएन । यस्ता समितिहरुलाई नगरपालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति सामानको सदुपयोग बारे नगरपालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ  साथै नतिजामूलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । खेलकुद कार्यक्रम अन्तगर्त भुक्तानी भएको केही उदाहरणहरुः

| **गो.भौ.नं.** | **संघ वा व्यक्तिको नाम** | **भुक्तानी** |
|---|---|---|
| ३५ | लक्ष्मि आ.वि. फुटवल प्रतियाोगिता | ५०००० |
| १६६ | डाँगीहाट युथ क्लब | १११००० |
| २०९ | राधेश्याम साह | ९०००० |
| २२८ | भोला सुवेदी | ५०००० |
| २७० | लिला प्रसाद रिमाल | १००००० |
| ३६० | मदन भण्डारी र्स्पोटस एकेडमी | १००००० |
| ३६९ | लक्ष्मी मार्ग टेक्वान्डो डोजांग | १००००० |
| ४०१ | हेमन्त सुवेदी (जापान भ्रमण) | १००००० |
| ४०८ | मालपोत टोल विकास समिति | ८५८८० |
| ४१४ | शान्तिदिप नेपाल | १००००० |
| ४१६ | शालिग्राम कोईराला | २००००० |
| ४३७ | सुरेश कार्की | १००००० |
| ४४६ | फ्रेण्डसीप चेस क्लब | ५०००० |
| ६०० | पूर्वाञ्चल क्षेत्रिय खेलकुद विकास समिति | ७५००० |
| ६६३ | नरेन्द्र स्मृति युवा क्लब | १२०००० |
| ७१७ | बेलबारी बास्केटबल क्लब | १५०००० |
| ७२८ | बेलबारी क्रिकेट क्लब | ४९००० |
| ७४९ | बाबुराम ढुंगाना | ५०००० |
| ७९० | शालिग्राम कोईराला | १५०००० |
| ७९२ | साल्मी भट्टराई टोल विकास | १००००० |
| ८७४ | डाँगीहाट युथ क्लब | ६५००० |
| ९३२ | मेयर कप फुटबल प्रतियोगिता समिति | ५५००० |
| ९३८ | हेमन्त सुवेदी (मलेसिया भ्रमण) | ५०००० |
| ९५९ | विवेकचन्द्र कार्की | १००००० |
| ९६३ | नक्शल खेल मैदान | १४८४१७ |
| ९७९ | वरडाँगी टोल विकास संस्था | ८०००० |
| ९९५ | एम्ब्रियो युवा क्लब | ५०००० |
| १००६ | युवराज गुरागाई | १३५००० |
| | **जम्मा** | **२६१४२९७** |

४१. **गाडी मर्मतः** कार्यालयका सवारी साधन मर्मत गर्दा लागत अनुमान स्वीकृत गरी मर्मत अभिलेख खातामा अध्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन । नगरपालिकाले यस वर्ष सवारी साधन मर्मत शिर्षकबाट  विभिन्न मितिमा को-१-५०६ नम्बरको गाडी मर्मत गरे बापत रु. ३,१२,७५४/-  र बा-१-भ-१६३२ नम्बरको गाडी मर्मत गरे बापत रु. ४,८९,८९६/-  खर्च गरेको पाइयो । पटक पटक मर्मत गर्नुपर्ने गाडीको सञ्चालन खर्च अत्याधिक देखिएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्ने

| | | |
|---|---|---|
| | देखिन्छ । साथै मर्मत गर्दा फेरिएका सामानको खरिद आदेश, दाखिला प्रतिवेदन, लागत अनुमान तयार गरी प्रतिस्पर्धा गराई मर्मत गर्नुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ४२. | **पत्रपत्रिका छपाई:**विभिन्न मिडियाहरुमा सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा गराई छुटको व्यवस्था गर्नु पर्दछ । नगरपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन विभिन्न फर्महरु मार्फत गरी रु. २९,०७,०४३/- भुक्तानी गरेकोमा उक्त मिडिया फर्महरुले कुनै प्रकारको छुटको व्यवस्था गरेको देखिएन । सुचना प्रकाशन गर्दा गोरखापत्र जस्तै सरकारी समाचार पत्रमा २५ प्रतिशत छुटको व्यवस्था रहेको हुँदा मिडियाहरु बिच प्रतिस्पर्धा गराई छुट प्रदान गर्ने मिडिया फर्म सँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । साथै सुभकामना तथा सन्देशमुलक सुचना तथा लोककल्याणकारी विज्ञापन प्रदान गरेको भनी पटक पटक विभिन्न मिडिया फर्म लाइए भुक्तानी दिने कामलाई निरुत्साहित पार्नुपर्दछ । | |
| ४३. | **पारिश्रमिक कर कट्टी नगरेको:-**आयकर ऐन २०५८ अनुसार भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले लयर्स लिगल हाउसलाई पेश गरेको पान विजकवाट भुक्तानी गरेको रु.२०२०००।- को १५ प्रतिशतका दरले पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा अग्रीम कर कट्टा गरेको नपुग कर रकम रु.२७२७०।- असुल गर्नुपर्ने रु. | २७२७०/- |
| ४४. | **विद्युत मर्मत:** १०३९-०७६।३।२० आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली बमोजिम सोझै खरिदको प्रकृया समेत पुरा नगरी आ.व. २०७५।७६ को विद्युत मर्मत तथा जडान सम्बन्धि कार्य गर्न ग्रामिण उत्थान तालिम केन्द्र संग मिति २०७५।४।१ मा रु. २,५०,०००/- को सम्झौता गरेको पाइयो । उक्त सम्झौता अनुसार उक्त संस्थालाई रकम भुक्तानी गर्दा कर विजक पेश गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले उक्त सम्झौता बमोजिम संस्थाको विजक पेश नभई डोर हाजिरीका आधारमा रु. २,५०,०००/- भुक्तानी गरेकोमा नियमानुसार लाग्ने कर रकम रु. ३७,५००/-कट्टी गरी दाखिला गर्नुपर्नेमा १.५ प्रतिशत ले रु. ३,७५०/- मात्र कट्टी गरिएको हुँदा बाँकी रकम दाखिला गर्नुपर्ने रु. | ३३७५०/- |
| ४५. | **मेयर कप फुटबल :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने व्यवस्था छ । आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ७६ (१) मा कार्यालयले सोझै विक्रेतालाई भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । नगर स्तरीय मेयरकप फुटबल प्रतियोगिता संचालनको लागि आवश्यक पर्ने रु १३,१०,५४७/- को सामान कार्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ अनुसार सिलवन्दी दरभाउपत्रवाट खरिद गर्नु पर्नेमा बेलबारी नगर मेयर कप फुटबल आयोजक समिति गठन गरी आयोजक समितिलाई विभिन्न सामाग्रीहरु सोझै खरिद गरेको पाइयो । खेलकुद कार्यक्रममा खरिद हुनु पर्ने सामानहरु यकिन गरी लागत अनुमान तयार गरेको पाइएन र खरिद भएका सामानहरु आयोजक समितिले दाखिला समेत गरेको देखिएन । साथै उक्त कार्यक्रमको लागि विभिन्न वडा हरुले पटक पटक सामाग्री खरिद गरेको पाइयो । उक्त फुटबल कप प्रतियोगिता सञ्चालनमा भएको खर्च सार्वजनिक गर्नुपर्नेमा सो गरेको देखिएन, साथै कार्यक्रमको कार्य प्रगति पेश भएको पाइएन । विल भपाईमात्र पेश गरी समितिले रु. १३,१०,५४७/- खर्च जनाएको छ । नगरपालिकाले यस्तो खर्चमा नियन्त्रण गरी उपलब्धीमुलक र नतिजामुलक क्षेत्रमा लगानी गर्नु पर्दछ । | |
| ४६. | **फोहोर मैला व्यवस्थापन:** नगरपालिकाले फोहोर मैला व्यवस्थापन गर्न ईन्भारो केयर कर्न्सन प्रा.लि. सँग मिति २०७१।६।१ देखि २०७६।५।३१ सम्म ५ वर्षको सम्झौता गरेको पाइयो । उक्त सम्झौता बमोजिम नगरपालिकाले मासिक रुपमा रु. १,२५,०००/- का दरले उक्त फर्मलाई फोहोरमैला व्यवस्थापन गरे बापत उक्त फर्म लाई सम्झौता बमोजिम पौष महिना सम्मको रु. ७,५०,०००/- र रु. २,५०,०००/- पेश्की समेत कुल रु. १०,००,००० /-भुक्तानी गरेको पाइयो । उक्त सम्झौता अनुसार नगरपालिकाले उपलब्ध गराएको टिप्पर प्रयोग गरेबापत रु. २२,५००/- का दरले उक्त फर्मले कार्यालयलाई बहाल कर भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा २०७३।८।१७ मा पुन: सम्झौता | |

| | | |
|---|---|---|
| | गरि उक्त टिप्पर प्रयोग गरेबापत रु. १५,०००/-मात्र बुझाउनुपर्ने शर्त राखेको पाइयो । साथै उक्त टिप्पर मर्मत गर्नु परेमा सो गरे बापतको नगरपालिकाले व्यहोर्ने उल्लेख गरिएको छ । उक्त फर्मले बहालकर बापत रु. ६०,०००/- दाखिला गरेकोमा नगरपालिकाले यस वर्ष टिप्पर मर्मत गरे बापत रु. २,०४,६९७/- खर्च लेखेको पाइयो । नगरपालिकाले सञ्चालन गरेको टिप्परको सञ्चालन खर्च अत्याधिक रहेको पाइयो । | |
| ४७. | **कर संकलनः** नगरपालिकाले फोहोर मैला व्यवस्थापन गर्न ईन्भारो केयर कर्म्सन प्रा.लि. सँग गरेको सम्झौतामा उक्त फर्मले उपभोक्ताबाट संकलन गर्ने सेवा शुल्क बारे नगरपालिकाको नियन्त्रण रहेको पाइएन । फोहोरमैला व्यवस्थापन बापत उक्त फर्मले उपभोक्ताबाट के कती सेवा शुल्क संकलन गरेको हो सोको अभिलेख नगरपालिका संग रहेको देखिएन । नगरपालिकाले सेवा शुल्क निर्धारण गर्ने र कर संकलन गर्न प्रयोग गर्ने रसिद प्रमाणित गरी उठेको करको यथार्थ अवस्थाको अभिलेखिकरण गरी आफनो नियन्त्रणमा राख्नु पर्दछ । | |
| ४८. | **जग्गा भाडाः** नगरपालिकाको ल्याण्डफिल साइटको रुपमा नगरपालिका वडा नं. ३ स्थित कसेनी ३( ख) कि.नं. ३९१ को १ विगाह १४ कट्ठा ४ धुर खोला उकासको जग्गा भाडामा लिने गरी वडा नं. ३ निवासी टिकादेवी सुवेदी सँग सोझै सम्झौता गरी मासिक रु. ४१,६५०/- को दरले भुक्तानी गर्ने निर्णय गरेको पाइयो । सोहि सम्झौता बमोजिम विभिन्न भौचरबाट टिकादेवी सुवेदीलाई रु. ४,९९,८००/- भुक्तानी गरेको छ । उक्त जग्गाको भाडा के आधारमा निर्धारण गरेको हो सो खुलेन, उक्त जग्गा मध्ये केही स्थानमा फोहोर संकलन गरी आगो लगाई फोहोर व्यवस्थापन गरेको देखियो । | |
| ४९. | **जेष्ठ नागरिकः-(११५४/१०९१/२०७६।३।३१)** जेष्ठ नागरिक सम्मान तथा स्वास्थ्य शिविर संचालन गरी जेष्ठ नागरिकलाई औषधि वितरण, दोसल्ला वितरण गरेको देखिन्छ । त्यसैगरी प्रत्येक जेष्ठ नागरिकलाई रु.५००।- वितरण गरेको भनी भौचर नं.११५४ र भौचर नं.१०९१ बाट रु.८००००।- खर्च देखाएकोमा सम्वन्धित व्यक्तिले रकम बुझेको भपाई पेश नभएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | ८००००/- |
| ५०. | **परामर्श सेवाः-(११२०/२०७६।३।३०)**Amc for revenue accounting system software को २०७३।२।९ को सम्झौता अनुसार एक वर्षपछी दोश्रो पक्षले आपसी समझदारी अनुसार तय हुन आउने रकम परामर्श सेवाको रुपमा लिई दोश्रो पक्षले सफ्टवेयरमा आउने समस्याहरु समाधान गर्नुको साथै आवश्यक परामर्श प्रदान गर्ने भनी उल्लेख भएकोमा पुन सम्झौता भएको देखिदैन साथै सफ्टवेयरमा के कति समस्या आएको हो सोको विवरण उल्लेख नगरी eco plus लाई रु. २९,९४५।- र sangrila लाई रु २९,९४५।- गरी रु ५९,८९०।- भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ५९८९०/- |
| ५१. | **७५प्रतिशत अनुदानः-(११०३/२०७६।३।२८)** कार्यालयले ७५ प्रतिशत अनुदानमा मौरी घार उपलब्ध गराउने कार्यक्रम अनुसार २० वटा मौरी घार रु. २,००,०००।- मा विजक नं. ७२५ मिति २०७६।३।२० कनकाई मौरी पालन उद्योगवाट खरिद भएको छ । कार्यालयले उक्त मौरी घार वितरणको भपाई समेत पेश नगरेकोले वितरण गरेको भरपाईको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १५००००/- |
| ५२. | **अध्ययन अवलोकन भ्रमणः- (१०९२/२०७६।३।२६)**कार्यालयले विभिन्न स्थानको अध्ययन अवलोकन भ्रमण गराउदा उक्त समयको यातायात खर्च खाना खाजा र बासखर्च रकम एकमुष्ठ रुपमा कार्यालयले व्यहोरी सकेपछी पुन भत्ता रकम भनी वितरण भएको रकम रु.१८,०००।- भुक्तानी दिनुको नियम संगत नदेखिएकोले असुल गर्नुपर्ने रु. | १८०००/- |
| ५३. | **कक्षा ८ परिक्षाः-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५।७६ अनुसार कक्षा ८ को परिक्षा संचालनका लागि भनि रु.२००/- प्रति विद्यार्थीका दरले खर्च गर्ने व्यवस्था गरेको छ । कार्यालयले सोहि अनुसार ससर्त तर्फको वजेट वाट रु. १,७२,०००/- खर्च लेखेको छ । सोही कार्यक्रममा नपुग रकमभनी कक्षा ८ का जम्मा विद्यार्थी संख्या ९१७/- लाई निसर्ततर्फ वाट तोकिएको भन्दा वढी रु.४,०१,२४५/- निम्नानुसारको खर्च रकम देखाइ स्वीकृत नर्म्स वेगर गरेको खर्च अनियमित देखिएको रु. | ४०१२४५/- |

| | | | |
|---|---|---|---|
| | **भौ.नं मिति** | **खर्चको विवरण** | **रकम** |
| | | सशर्त तर्फ | |
| | १०५/२०७६।२।२३ | ग्रेड सिट रुजु, प्रमाणिकरण, प्रवेश पत्र रुजु | १००००.०० |
| | १०५/२०७६।२।२३ | परीक्षा समितिका पदाधिकारीको वैठक भत्ता | ९५०००.०० |
| | १०५/२०७६।२।२३ | उत्तरपुस्तिका परीक्षण केन्द्र अनुगमन | ५०००.०० |
| | १०५/२०७६।२।२३ | परिक्षार्थीको नाम, जन्म मिति, सैद्धान्तिक, प्रयोगात्मक अंक सफ्टवेयर | ४२०००.०० |
| | १०५/२०७६।२।२३ | विद्यालयको संचालन अनुपति मागको अनुगमन | २००००.०० |
| | | **जम्मा** | **१७२०००.००** |
| | | निसर्त तर्फ | |
| | ७२१/२०७६।१।६ | उ.पु. कोडिङ्ग डिकोडिङ्ग | ३९३९०.०० |
| | ७२१/२०७६।१।६ | कक्षा ८ को परीक्षा केन्द्र परीक्षा अनुगमन | १०००००.० |
| | ७२१/२०७६।१।६ | शिक्षा समिति पदाधिकारी वैठक | ४३५००.०० |
| | ७२१/२०७६।१।६ | परीक्षर्थीको आवेदन फर्म, फर्म रुजु छाप | ४१००.०० |
| | ७८०/२०७६।१।२५ | ग्रेड वृद्धि परीक्षाको परीक्षा समिति पदाधिकारी वैठक भत्ता | २२०००.०० |
| | ७८०/२०७६।१।२५ | परिक्षा केन्द्र अनुगमन भत्ता | ७९०००.०० |
| | ७८०/२०७६।१।२५ | प्रश्न पत्र शुद्धाशुद्धि | १००००.०० |
| | ७८०/२०७६।१।२५ | टेबुलेशन तथा सफ्टवेयर प्रविष्टी | १२५००.०० |
| | ९०५/२०७६।१।२३ | विभिन्न विद्यालय खर्च व्यवस्थापन | ९०७५५.०० |
| | | **जम्मा** | **४०१२४५.०** |

| | | |
|---|---|---|
| ५४. | **पेश्की:**आर्थिक कार्यविधि नियमावली, २०६४को परिच्छेद ९ अनुसार आर्थिक वर्षको अन्त्य सम्म देहायका व्यक्तिहरुले पेश्की लिएको रकम फछ्र्यौट नभएकोले असुल फछ्र्यौट गर्नुपर्ने रु. | ५२५९७७८/- |

| **सि.नं.** | **पेश्की लिनेको नाम** | **पेश्की रकम** |
|---|---|---|
| **समानिकरण चालु तर्फ** | | |
| १. | दिनेश खड्का | २४४२०० |
| २. | केशव ढकाल | २००००० |
| ३. | केशव ढकाल | ३६००० |
| **समानिकरण पूर्जिगत तर्फ** | | |
| ४. | सोमबारे बजार व्यवस्थापन समिति | २८५०० |
| ५. | स्वामिनारायण एचएम कन्स्ट्रक्शन जे.भि. | ४७२२५७८ |
| ६. | रणपाल आ. वि. | २८५०० |
| | **जम्मा** | **५२५९७७८** |

**ब.उ.शि.नं. ८०१४०२४ (वित्तीय समानीकरण पूँजीगततर्फ)**

५५. **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगरसभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५।७६ अनुसार नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन ।

यस वर्ष रु.४० हजार देखि रु.५० लाखका जम्मा २९८ वटा योजना उपभोक्ता समिति मार्फत संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र २०८ वटा योजनाहरु रहेका छन् । बोलपत्रको

| | | |
|---|---|---|
| | माध्यमबाट प्रतिस्पर्दागरी निर्माण कार्य गर्दा लागत अनुमानको तुलनामा ३० देखि ५० प्रतिशत सम्म घटीमा निर्माण कार्य भएको देखिन्छ । उपभोक्ताबाट भएको काममा लागत अनुमानकै हाराहारीमा निर्माण कार्य भएको देखिदा मितव्ययीताको हिसाव बाट समेत उपयुक्त नभएको र साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापन तथा अनुगमनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रवाही नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने हुदा साना योजनामा लगानी गर्नु भन्दा ठूला योजना छनौट गरी सिमित श्रोतको उपयोगमा ध्यान दिनु पर्ने देखिन्छ । | |
| ५६. | **निर्माण कार्य:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । यो वर्ष कार्यालयले २९८ उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराई रु.१८ करोड ८९ लाख ७६ हजार ६०२ भुक्तानी दिएको देखियो । प्रतिस्पर्धात्मक तरिकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय निर्माण कार्य हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ५७. | **तेस्रो चौमासिकमा खर्च:** कार्यालयलाई प्रदान गरेको बार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार आर्थिक बर्ष २०७५।७६ को पहिलो दोस्रो तथा तेस्रो चौमासिकमा संचालन गरिने कार्यक्रम तथा सोको लागि लाग्ने वजेट खर्चको सिमा निर्धारण गरिएकोमा कार्यालयले तेस्रो चौमासिकमा ५८ प्रतिशत तथा असार महिनामा मात्र २९ प्रतिशत वजेट खर्च गरेको छ । यसरी आर्थिक बर्षको अन्ततिर मात्र अधिक खर्च गरि योजना संचालन गर्दा संचालित आयोजनाको कार्यक्रम तथा कामको गुण स्तरमा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ । स्विकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन हुनु पर्दछ । | |

| क.सं. | बजेट उप शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिनाको खर्च |
| १ | बेलबारी न.पा. | ३४६६४९५४२.४१ | ५४५२६३५५ | ९२३२७८३५ | १९९७९५३३९ | ७८६६१२९७ |
| २ | शशर्त अनुदान | २०४५८१५५५.६२ | ५४०३८०५१ | ५२५९४६८६ | ९७९४८८१७ | ६२१२३३५४ |
| ३ | स्थानीय तह पुर्वाधार साझेदारी कार्यक्रम(नि.क्षे. सं३) | १४८६७९८५.०० | ०.०० | ०.०० | १४८६७९८५ | १२३०५१०१ |
| ४ | तराई मधेस संबृद्धि कार्यक्रम | ९४०००००.०० | ०.०० | ०.०० | ९४००००० | ८३४४००० |
| ५ | पर्यटन पुर्वाधार बिकास आयोजना | ४८३१८९४.०० | ०.०० | ०.०० | ४८३१८९४ | २४०८२६७ |
| ६ | प्रधान मन्त्री रोजगार कार्यक्रम | ४९६४६६८.०० | ०.०० | ०.०० | ४९६४६६८ | ४६३६१४३ |
| ७ | सडक बोर्ड नेपाल | ४९६२०८०.०० | १५११४४० | ०.०० | ३४५०६४० | ०.०० |
| ८ | एलजिसिडिपी | ३०५०००.०० | ०.०० | १२२००० | १८३००० | १८३००० |
| ९ | संस्कृति प्रवर्धन कार्यक्रम | ५०००००.०० | ०.०० | ०.०० | ५००००० | ५००००० |
| १० | स्थानीय तह पुर्वाधार साझेदारी कार्यक्रम(नि.क्षे. प्रदेश नं.१) | १५७९७९२७.०० | ०.०० | ०.०० | १५७९७९२७ | ८११००३६ |
| ११ | प्रदेश सरकारबाट हस्तान्तरित | ४८२१६०३.०० | ०.०० | ०.०० | ४८२१६०३ | ०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | |
| | जम्मा | ६११६८२२५५.०३ | ११००७५८४६ | १४५०४४५२१ | ३५६५६१८७३ | १७७२७११९८ |

५८. **न्युन प्रतिस्पर्धा:**सार्बजनिक खरिद ऐन, २०६३को दफा २६(६) अनुसार सार्बजनिक निकायले प्रकासित वोलपत्रमा कूनै बोलपत्रदाताले आपसमा मिलोमतोगरि बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो वोलपत्र रद्ध हुने व्यबस्था रहेको छ । कार्यालयबाट यस बर्ष प्रदेश शशर्त अन्तगर्त मात्र विद्युतिय कार्यविधि अनुसार वोलपत्र सुचना जारी गरी ठेक्का व्यबस्था भएकोमा तपशिलका ठेक्कामा विद्युतिय प्रणालीबाट ठेक्का नगरि बोलपत्र फारम विक्रिगरि कार्यालयमा बोलपत्र दाखिला गरेका निम्न ठेक्काहरु आपसमा मिलोमतो गरि लागत अनुमानकै हाराहारीमा वोलपत्र पेश भई सम्झौता भएको देखिदा पर्याप्त प्रतिस्पर्दा भएको देखिएन । ठेक्का व्यबस्था गर्दा आपसमा मिलोमतो नहुने गरि गर्ने व्यबस्था हुनु पर्दछ ।

| ठेक्का नं | कामको नाम | बोलपत्र विक्रि | बोलपत्र दाखिला | लागत अनुमान | सम्झौता रकम | घटेको प्रतिशत |
|---|---|---|---|---|---|---|
| ८,२०७५/७६ | लक्ष्मीमार्गडागीहाटसडककालोपत्रे | १० | ३ | १२३२१७७।०२ | १२३२१५५।२५ | ०.०१ |
| ९,२०७५/७६ | थापाचौकसिहदेवीमार्गसडककालोपत्रे | १० | २ | १२३२२२०।८९ | १२३२१९९।५० | ०.०२ |
| १०, २०७५/७६ | शुक्रपथउत्तरदक्षिणसडककालोपत्रे | १६ | ३ | २०९४२०८।५२ | २०९३४६९।०० | ०.०४ |
| ११ २०७५/७६ | पृथ्वीमार्गवनक्षेत्रसडककालोपत्रे | १० | ३ | ५०५२७४।७९ | ५०४८५८।२५ | ०.०१ |
| १२,२०७५/७६ | सामुदायिकभवन | १६ | ३ | ६५७९१२६।७९ | ६५५२३११।७८ | ०.०३ |
| १५,२०७५/७६ | जरूवाटोलीदुधापुलसडककालोपत्रे | ४५ | २ | ७८६३३१३।८० | ७८२५०६८।७५ | ०.४८ |
| १६ २०७५/७६ | दुधाहापैनीसोह्रभागसडककालोपत्रे | १४ | ३ | १३२६९९0।५४ | १३२२५६३।३४ | ०.३३ |
| १७, २०७५/७६ | स्वास्थ्यचौकीभवननिर्माण | १८ | १ | ३२७१७१८।५९ | ३२६०५५३।३७ | ०.३४ |
| १८, २०७५/७६ | स्वास्थ्यचौकीभवननिर्माण | १७ | १ | ३२७१७१८।५९ | ३२६८९१६।०० | ०.०८ |
| १९, २०७५/७६ | स्वास्थ्यचौकीभवननिर्माण | १८ | १ | ३२७१७१८।५९ | ३२६९३५३।३७ | ०.०७ |
| | | | | | | |

५९. **विद्युतीय खरिद विधि**:सार्बजनिक खरिद ऐन, २०६३को दफा ६९ अनुसार सार्बजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रकृयामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्ने व्यबस्था रहेको छ । सार्बजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनका लागि एउटामात्र पोर्टल रहने गरि विद्युतीय खरिद प्रणालीको स्थापना संचालन र व्यबस्था गर्ने व्यबस्था रहेको छ ।नगरपालिकाले उक्त व्यबस्था अनुसार ठेक्का ब्यबस्था गरेको देखिएन ।

६०. **ठेक्काको अभिलेख**: आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद११ को नियम ९२ अनुसार प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षकको विभागबाट स्वीकृत ढाँचामा राख्नुपर्ने छ । लेखा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गत विगत वर्षमा के कति कामको ठेक्का पट्टा भएको थियो, ती ठेक्का मध्ये के कति भुक्तानी भई कति भुक्तानी हुन बाँकी रहेको छ, ठेक्का भएको निर्माणको निर्माण सम्पन्न हुने अवधि, भुक्तानी मिति, बैंक ग्यारेन्टी र विमाको म्याद खुल्ने विवरणको म.ले.प.फा.न.(१९०) अभिलेख जस्ता निर्माण कार्यको प्रमाणीत गर्ने अभिलेखहरु कार्यालयले राख्ने गरेको देखिएन । यी अभिलेखको अभावमा ठेक्काको म्याद बैंक ग्यारेन्टीको र विमाको म्याद, ठेक्कामा हालसम्म कति भुक्तानी भयो र कति भुक्तानी हुन बाँकी छ सो सम्वन्धि जानकारी नहुने हुँदा, बैंक ग्यारेन्टी र विमाको कभरेज नहुने र अभिलेखको अभावमा एउटै कामको दोहोरो विल पेश भई भुक्तानी हुन सक्ने हुँदा नियमानुसार राख्नु पर्ने यस्तो अभिलेख राख्नुपर्ने देखिन्छ ।

६१. **नापी किताव**: कार्यालयले वहुवर्षिय आयोजनाको कार्यको निर्माण व्यवसायीलाई रनिङ्ग विल भुक्तानी गर्दा नापि कितावको आधारमा भुक्तानी दिने व्यवस्था रहेको छ । परीक्षण गरिएका संलग्न गोश्वारा भौचर सँग संलग्न फाटवारीमा निर्माण व्यवसायीले कार्य गरेपछि भुक्तानी प्रयोजनको लागि कम्प्युटरवाट छुटा छुटै लुज नापी सिट समावेश गरी रकम भुक्तानी दिने गरेको देखियो । कामको एकिकृत नापी देखिने अभिलेख नहुनाले दोहोरो विल तयार गरि निर्माण व्यवसायीलाई भुक्तानी हुन

सक्ने जोखिम रहेको छ । तसर्थ कार्य सम्पन्न भएपछि भुक्तानी दिएको कम्प्युटरवाट तयार भएको लुज सिट वाइन्डिङ गरि सोही आधारमा एकिकृत नापी अभिलेख तयार हुनु पर्दछ ।

६२. **परामर्श दाताबाट काम**:-सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकावाट यस वर्ष ८ योजनाहरुको विस्तृत सर्भेक्षण गराई रु. ६६,९१,०४५/- खर्च गरेको छ । कार्यालयमा इन्जिनियर लगायत अन्य कर्मचारी मौजुदा रहेको अवस्थामा उक्त योजनाहरुको विस्तृत सर्भेक्षण वाह्य परामर्शदातावाट गराउनु पर्नाको कारण उल्लेख गरेको छैन । साथै परामर्शदातावाट प्रारम्भिक प्रतिवेदन पेश भई त्यसमा भएको त्रुटी सच्याई पुनः फाईनल प्रतिवेदन पेश भएपछि उद्देश्य अनुसारको भएको यकिन गरेर मात्र सम्झौता अनुसारको विलको रकम भुक्तानी गर्नुपर्नेमा प्रारम्भिक प्रतिवेदन पेश नगरी सोझै फाइनल प्रतिवेदन प्राप्त गरी रकम भुक्तानी भएको छ । अतः प्रतिवेदन अध्ययन नगरी प्राप्त प्रतिवेदनमा त्रुटी भएमा त्यसवाट कार्यान्वयन चरणमा हुन सक्ने हानीको जिम्मेवारी कसले लिने स्पष्ट हुन सक्तैन । साथै भविस्यमा योजना कार्यान्वयन गर्दा यस्ता डकुमेण्टको आवश्यक पर्नेहुंदा सुरक्षित साथ राख्नु पर्ने मा आम्दानी गरेको छैन रु. ६६९१०४५/-

| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|
| १ | सिमसार क्षेत्र गुरुयोजन निर्माण | ९९८९२०.०० | ९९८९२०.०० |
| २ | हुँलाकी मार्ग डिपिआर निर्माण | ५२७८८९.०० | ५२७८८९.०० |
| ३ | धनपालगढी पर्यटकीय क्षेत्र डिपिआर निर्माण | १५७८११७.०० | १५७८११७.०० |
| ४ | योजना सफ्टवेयर खरीद तथा जडान | ९६०५००.०० | ९६०५००.०० |
| ५ | कार्यालयको सुरक्षा व्यवस्था | ५२८०००.०० | ५२८०००.०० |
| ६ | सहकारी कृषि पशु कार्यकम कार्यविधी निर्माण | ४९७२००.०० | ४९७२००.०० |
| ७ | सुचना सफ्टवेयर | ४९९४६०.०० | ४९९४६०.०० |
| ८ | लोहन्द्रा र चिसांग खोलाको वातावारणीयप्रभाव मुल्यांकन | ११००९५९.०० | ११००९५९.०० |
| | **जम्मा** | **६६९१०४५** | **६६९१०४५** |

६३. **तोक आदेश बाट योजना**:स्थानीय सरकार संचालन ऐन ,२०७४को दफा७३ अनुसार सभाबाट वजेट स्वीकृत भएको ७ दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्ने छ । सो दफाको उप नियम ७ अनुसार कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई वजेट खर्च गर्न पाउने छैन भनि उल्लेख भएकोमा नगर प्रमुखको तोक आदेशले रु.**३,४६,४८,०००/-**को निम्नानुसारका योजनाहरुमा वजेट खर्च गरि कार्यपालिकाको विभिन्न मितिको बैठकबाट अनुमोदन गरेको देखियो । सभाबाट स्विकृत नभएको योजनामा तोकआदेशबाट भएको खर्च नियम सम्मत देखिएन । यस्तो खर्चका केही व्यहोरा निम्नानुसार रहेका छन ।

| **कार्यकमको नाम** | **योजना संख्या** | **शूरु विनियोजन** | **खर्च भएको रकम** |
|---|---|---|---|
| ममर्तसम्भार कोषबाट | ११ | १०००००० | २३२०००० |
| नदी नियन्त्रण | ६ | ५०००००० | २२३०००० |
| खेलकुद पूर्बाधार | ३ | १५००००० | ११८०००० |
| सिचाई विकास तथा विस्तार | २५ | १०००००० | १७९८००० |
| हाटबजार व्यबस्थापन | ९ | १०००००० | ३०००००० |
| पूजिगत साना योजना | ६१ | ३०००००० | २२७६५००० |
| सामाजिक क्षेत्र अन्य सुधार | ४ | १०००००० | ५३०००० |
| विद्यालय पूर्बाधार | १ | २०००००० | ६००००० |
| विरुवा उत्पादन (वातावरण तर्फ) | १ | १५०००० | ७५००० |
| संस्कृति प्रबर्धन | १ | १५००००० | १५०००० |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा** | १२२ | १७१५०००० | ३४६४८००० | |

६४. **अनुगमन भत्ताः** ४८६-०७६।३।२८ गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा नगरपालिकाका पदाधिकारीहरु नगर प्रमुख रु. ७५००/- उपाध्यक्ष रु. ६०००/- वडा अध्यक्ष रु. २०००/- अनुगमन वापत मासिक सुविधा पाउने व्यबस्था रहेको छ । नगरपालिकाले ऐनमा व्यवस्था भएको अलावा विभिन्न पदाधिकारीहरुले रु.१,०९,०००/- तथा कर्मचारीहरुले रु.१,७२,०००/-समेत जम्मा रु. २,८१,०००/- योजना अनुगमन गरेको भनी अनुगमन भत्ता भुक्तानी गरेको पाइयो । ऐनमा व्यवस्था भएको भन्दा अतिरीक्त उपलब्ध गराएको अनुगमन भत्ता असुल गर्नुपर्ने रु. २८१०००/-

६५. **योजना तर्जुमा-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकासको लागि आवधिक, वार्षिक रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानिय स्रोत साधन र सिपको अधिकतम प्रयोगहुने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने र दिगो विकासमा टेवा पुग्ने खालका परिमाणमुखी योजना छनौट गर्नुपर्ने उल्लेख छ । यस कार्यालयको वार्षिक निति तथा कार्यक्रम अध्ययन गर्दा अधिकांश ३ लाख रुपैंया भन्दा तलका आयोजना छनौट गरी वितरणमुखी कार्यक्रम तयार गरेको देखियो । ऐनमा व्यवस्था भए वमोजिम परिणाम देखिने खालका दिगो विकासलाई टेवा पुग्ने योजना छनौट गरी कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको ध्यान जानु पर्दछ ।

६६. **हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको छ । नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको पाइएन ।

६७. **विजक नंम्वरः-**(भौ.नं.३२७-०७६/२/५)वडा नं.५ अगाडी कालोपत्रे वनाउने काममा उपभोक्ता समितिले लोडर,टेलर,मिक्सचर र फ्याट फ्याटे भाडामा प्रयोग गरेको कामको पेश गरेको पञ्चकन्या निर्माण सेवा ट्रेड एण्ड सप्लायर्स/ढुवानी सेवाको प्यान/विजक नंवर नभएको रु.४८,०००/-को विल संलग्न राखेको छ । नंवर उल्लेख नगरी विजक जारी भएकोले कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. ४८०००/-

६८. **सवारी साधन खरिदः-**यस वर्ष नगरपालिकाले समानिकरण अनुदानबाट देहाय अनुसारको सवारी साधन खरिद गरेको छ ।

| **सि.नं.** | **भौ.नं.** | **सवारी साधन** | **गोटा** | **रकम** |
|---|---|---|---|---|
| १ | १८-०७५/६/१५ | मोटर साईकल | १३ | ३६०७५९९ |
| | | स्कुटर | १ | |
| २ | ६५-०७५/८/१९ | स्कार्पियो जिप | १ | ७०५०००० |
| ३ | ४२६- | डिओ स्कुटर | १ | १९७९०० |
| | | **जम्मा** | | **१,०८,५५,४९९/-** |

६९. **सिमेण्टः-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ अनुसार खर्च गर्दा बिल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । सम्झना चौक पश्चिम कल्भर्ट निर्माण र जनता मा.वि. कम्पाउण्ड वालनिर्माण कामको लागत अनुमान तयार गर्दा ओ.पि.सि.सिमेण्ट प्रयोग गर्ने गरी तयार गरेको छ । नगर दर रेट अनुसार ओ.पि.सि. सिमेण्ट प्रति ५० के.जि. प्याकेटको रु. ८२५/- र पि.पि.सि. को रु.७२५/- भएकोले फरक दर मु.अ.कर समेत रु. ११३/-रहेको छ । उक्त निर्माण काममा २००प्याकेट पि.पि.सि. सिमेण्ट खरिद भएको विल पेश रहेकोछ । अतः ओ.पि.सि. सिमेण्ट प्रयोग गर्ने गरी २२६००/-

तयार भएको लागत अनुमानको काममा पि.पि.सि. सिमेण्ट प्रयोग भएको कामको भुक्तानी गर्दा बढी रु.२२,६००/-भुक्तानी भएको रकम अशुल गर्नु पर्ने रु.

| भौ.नं. | योजना | प्रयोग भएको पि.पि.सि. सिमेण्ट | लागत अनुमान भन्दा बढी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १३९ | सम्झना चौक पश्चिम कल्भर्ट निर्माण | ७० (प्याकेट) | ११३ | ७९१० |
| १६० | जनता मा.वि. कम्पाउण्ड वाल | १३०(प्याकेट) | ११३ | १४६९० |
| | **जम्मा** | **२००(प्याकेट)** | | **२२,६००/-** |

७०. **जिन्सी व्यवस्थापनः-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ अनुसार जिन्सी मालसामान तथा तत्सम्वन्धि स्रेस्ता उपलब्धि अधिकृत वा भण्डार अधिकृत वा भण्डार सहायकको जिम्मामा रहने । कार्यालय प्रमुखले कार्यालयमा जुनसुकै प्रकारले प्राप्त हुन आएका जिन्सी माल सामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गर्नु पर्ने उल्लेख छ । यस कार्यालयमा यस वर्ष खरिद भएको माइस्क्रोस्कोप,बडी जो क्याष्ट्रेचर, बेड र क्यालोसिन जेनेरेटर लगायतका समानहरु नगरपालिकाको जिन्सी खातामा आम्दानी गरेको छैन । यसरी खरिद गरेको सामान नगरपालिकाको जिन्सी खातामा आम्दानी नगरी भुक्तानी गरेको रकम अनियमित भएको रु. २२०८१०७/-

| सि.नं. | भौ.नं. | सामान | संख्या | रकम |
|---|---|---|---|---|
| १ | ८-०७५/५/२९ | माइस्क्रोस्कोप | २ | ५०००० |
| २ | ८-०७५/५/२९ | बडी जो क्याष्ट्रेचर ३० से.मि. | १ | १२००० |
| ३ | ८-०७५/५/२९ | बडी जो क्याष्ट्रेचर ४० से.मि. | १ | १३००० |
| ४ | ६४-०७५/८/१३ | बेड (आयूर्वेद तर्फको) | १ | २०००० |
| ५ | २३८-०७५/१२/१५ | क्यालोसिन जेनेरेटर | १ | ६०१२० |
| ६ | ३१-०७५/६/२२ | सिलिङ्ग फेन | १५ | ७७२१० |
| | | वाल फेन | ५ | |
| | | एड्जस्ट फेन | १ | |
| ७ | ३४-०७५/६/२३ | कुलर १६० लिटर | १ | ३५००० |
| ८ | ४२७-०७६/३/१३ | प्लाष्टिक कुर्सी | २० | ११३०० |
| ९ | २८१-०७६/१/६<br>२८२-०७६/१/६ | ह्यूम पाईप ३० से.मि. | ४६ | १९२९४७७ |
| | | ह्यूम पाईप ४५ से.मि. | ५५ | |
| | | ह्यूम पाईप ६० से.मि. | ४८ | |
| | | ह्यूम पाईप ९० से.मि. | १८ | |
| | | जम्मा | | २२,०८,१०७/- |

७१. **विद्यालयको जिन्सि दाखिलाः-**(३८२-०७६/३/२७)आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ अनुसार खर्च गर्दा बिल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । यस नगरपालिकावाट देहायका ४ विद्यालयलाई डेस्कब्रेञ्च थान ,प्रोजेक्टर थान १, कम्प्यूटर थान, प्रिण्टर, राउण्ड टेवल, साधा टेवल र वुकसेट जस्ता सामान खरिद गरी रु.४,८१,८२०/- भुक्तानी गरेको छ । उक्त सामान सम्वन्धित विद्यालयले आफ्नो जिन्सि खातामा आम्दानी गरेको नदेखिएकोले अनियमित भएको रु.

| सि.नं. | भौ.नं. | विद्यालय | सामान | संख्या | रकम |
|---|---|---|---|---|---|
| १ | ३८२-०७६/३/१३ | देवकोटा मा.वि. बेलवारी | डेस्कब्रेञ्च | १० | २००००० |
| | | | प्रोजेक्टर | १ | |
| | | | कम्प्यूटर | १ | |
| | | | प्रिण्टर | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | १२६-०७५/१०/९ | कालिका मा.वि. | डेस्कब्रेञ्च | ४ | ६१९८० |
| | | | राउण्ड टेवल | १ | |
| | | | साधा टेवल | १ | |
| ३ | | जनता मा.वि. | डेस्कब्रेञ्च | ४ | ६१९८० |
| | | | राउण्ड टेवल | १ | |
| | | | साधा टेवल | १ | |
| ४ | | दिपज्योती आ.वि. | डेस्कब्रेञ्च | ४ | ७८९३० |
| | | | राउण्ड टेवल | १ | |
| | | | साधा टेवल | १ | |
| | | | वुकसेट | १ | |
| ५ | | ज्ञानोपार्जन आ.वि. | डेस्कब्रेञ्च | ४ | ७८९३० |
| | | | राउण्ड टेवल | १ | |
| | | | साधा टेवल | १ | |
| | | | वुकसेट | १ | |
| | | | जम्मा | | ४,८१,८२०/- |

७२. **अनुत्पादक क्षेत्रमा खर्च :-** नगरपालिकावाट योजनाको छनौट गर्दा उत्पादनमुलक, रोजगार सिर्जना हुने, बहुजन हित संग सरोकार राख्ने संग सम्वन्धित योजनाको छनौट गर्नु पर्दछ । यस वर्ष मन्दिर निर्माण, मर्मत, घेरावारा र सहयोग जस्ताकार्यमा रु.४९,८१,८२३/-भुक्तानी गरेको छ । उत्पादनमुलक नभएको, रोजगारी सिर्जना नहुने मन्दिर निर्माण जस्ता क्षेत्रमा अत्याधिक लगानी गरेको नियम सम्मत भएन । अतः त्यस्ता योजनामा लगानी गर्दा आयोजनावाट नगरपालिका एवं सो क्षेत्रका जनतालाई दीर्घकालीन प्रतिफल समेतको विचार गरी लगानी गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | भौ.नं. | योजना | रकम |
|---|---|---|---|
| १ | ७-०७५/५/२५ | राधाकृष्ण मन्दिर | २०३०० |
| २ | ४७-०७५/६/२९ | तमु बुद्धिष्ट गुम्वा | ४९८९२ |
| ३ | ९१-०७५/९/१६ | नेपाल तमु बुद्धिष्ट गुम्वा | १५०००० |
| ४ | १०९-०७५/९/३० | धिमाल थान | १५०००० |
| ५ | १७८-०७५/११/३ | मुस्लिम वर्ग मस्जिद | ५०००० |
| ६ | १९६-०७५/११/१० | दिनभद्री मन्दिर | ९७३९० |
| ७ | २०८-०७५/१२/९ | पाथुल थुप्तन छयोल गुम्बा | १४८२२८ |
| ८ | २१५-०७५/१२/६ | बिराट पञ्चेश्वर शिव मन्दिर | ९९६६५ |
| ९ | २२९-०७५/१२/१२ | दुर्गा मन्दिर | १९८७९ |
| १० | २३४-०७५/१२/१३ | शक्ति सनातनी मन्दिर | ६४०४४ |
| ११ | २४८-०७५/१२/२० | शिंहदेवी भगवती मन्दिर | १५८९४८ |
| १२ | २५४-०७५/१२/२४ | नवदुर्गा पाञ्चायन मन्दिर | २८५००० |
| १३ | २५५-०७५/१२/२५ | नमोबुद्ध गुम्बा | १४९७०० |
| १४ | २६४-०७५/१२/२८ | शिंहदेवी भगवती मन्दिर | १००००० |
| १५ | २६५-०७५/१२/२८ | तिनघरे धिमालटोल महाराज स्थल | ५०००० |
| १६ | २७६-०७६/१/५ | शिद्धेश्वर शिवालय मन्दिर | २८००० |
| १७ | २९५-०७६/२/२४ | जलेश्वरीदेवी मन्दिर | २४९८६६ |

| | | | |
|---|---|---|---|
| १८ | ३७२-०७६/२/२७ | शिंहेश्वर शिवालय मन्दिर | ९९८१८ |
| १९ | ३७९-०७६/२/२८ | विन्दवासिनी मन्दिर | १४९७७६ |
| २० | ३९१-०७६/३/२ | नेपाल तामाङ्ग बौद्ध गुम्वा | ५३०४११ |
| २१ | ३९८-०७६/३/५ | ॐकारेश्वर मन्दिर | ११९००० |
| २२ | ४०२-०७६/३/५ | दुर्गा मन्दिर | ४५७०१ |
| २३ | ४०८-०७६/३/८ | मोहनागरी ग्रामथान मन्दिर | २९४३०२ |
| २४ | ४१६-०७६/३/९ | किरात यायोख्खा मन्दिर | २९८९०२ |
| २५ | ४२१-०७६/३/१२ | जलेश्वर मन्दिर | २९६४४३ |
| २६ | ४५९-०७६/३/१४ | राधाकृष्ण र त्रिखण्ड शिवालय मन्दिर | ९९६७९ |
| २७ | ४८२-०७६/३/२८ | श्री गणेश मन्दिर | ४७०८५ |
| २८ | ५००-०७६/३/३१ | रणपाल महाराज थान | ४५२८९५ |
| २९ | ५०७-०७६/३/३१ | नवदुर्गा पाञ्चायन मन्दिर | ४२८१८४ |
| ३० | ५०८-०७६/३/३१ | दिनाभद्री मन्दिर | १४९०९५ |
| ३१ | ५१०-०७६/३/३१ | कैलाशेश्वर मन्दिर | ९९६२० |
| | | **जम्मा** | **४९,८१,८२३** |

७३. **अन्य क्षेत्रमा खर्च :-** पुजिगत शिर्षकवाट यस वर्ष नगरपालिकाले पारिश्रमीक सामाजिक उद्धमी महिला सहकारी संस्था,नारी जागरण समुह,आदिवासी जनजाती महासंघ,साना किसान सहकारी संस्था,अमला सिसौली सामुदायिक वन र पिछडा वर्ग संघ जस्ता सहकारी एवं गैर सरकारी संस्थाको काममा रु.८,७९,५३३/-भुक्तानी गरेको पाइयो । नीजि प्रकृतीबाट प्रवर्द्धित तथा सञ्चालित एवं गैर सरकारी संस्थामा नगरपालिकालाई कुनै प्रतिफल प्राप्त नहुने गरी लगानी गरेको मनासिब देखिएन । अत: त्यस्ता योजनामा लगानी गर्दा आयोजनावाट नगरपालिका एवं सो क्षेत्रका जनतालाई दीर्घकालीन प्रतिफल समेतको विचार गरी खर्च गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | भौनं. | समुह/संस्था | काम | रकम |
|---|---|---|---|---|
| १ | २८७-०७६/१/७ | परिश्रमी सामाजिक उद्धमी महिला सहकारी संस्था | बोयर बोका खरिद तथा वितरण | २५०००० |
| २ | १८६-०७५/११/६, १९२-०७५/११/७ २५७-०७५/१२/२७ | नारी जागरण समुह | विभिन्न | १४९५३३ |
| ३ | २२४-०७५/१२/२०, २६७-०७५/१२/२९ | आदिवासी जनजाती महासंघ | फर्निचर,जगेर्ना | ८०००० |
| ४ | २७६-०७६/२/२७ | साना किसान सहकारी संस्था | कृषि विउ साझेदारी | २५०००० |
| ५ | ५०-०७५/६/२९ | अमला सिसौली सामुदायिक वन | विभिन्न | ५०००० |
| ६ | ७३-०७५/८/२९ | पिछडा वर्ग संघ | पंडाल | ५०००० |
| ७ | ११-०७५/६/७ | सामुदायिक वन उपभोक्ता महासंघ | विभिन्न | ५०००० |
| | | | **जम्मा** | **८,७९,५३३** |

७४. **फर्माको काम:-**भवन विभागले विभिन्न कामको लागी तयार गरेको फर्माको नर्म्समा काठ ०.००७ लाग्ने र डोलिडारको नर्म्समा ०.००८८ काठ लाग्ने उल्लेख छ । यसरी हेर्दा डोलीडारको भन्दा भवन विभागले तयार गरेको नर्म्स प्रति वर्गमिटरमा ०.००१८ काठ कम लाग्ने देखिन्छ । काठको मुल्य प्रति व.मि.रु.७९८२३/२० को दरले प्रति व.मि. १४२/६८ कम दर हुन आउछ । कार्यालयले

| | | |
|---|---|---|
| | यस वर्ष फर्माको काममा डोलिडारको नर्म्स अनुसार को काठ प्रयोग गरी बनाएको दरले भूक्तानी गरेको छ । जस अनुसार देहाय अनुसारको योजनामा फर्माको कामको रु.४,४२,९८१/-बढी भुक्तानी भएको देखिन्छ । | |

| भौ.नं. | योजना | परिमाण | बढी दर | रकम |
|---|---|---|---|---|
| २०९-०७५/१२/६ | धैती खोला बांध निर्माण | ५७.५४ | १४२/६८ | ८२१० |
| २१६-०७५/१२/६ | जरुवाटोलीवाट श्रीपूर जोड्ने सडक | ९८.१ | १४२/६८ | १३९९७ |
| २२६-०७५/१२/११ | वडा नं. ११ को ३ नं. ड्रेन निर्माण | २१५.१५ | १४२/६८ | ३०६९८ |
| २२७-०७५/१२/११ | मिलन टोल बेलवारी ११ | ६११.६ | १४२/६८ | ८७२६३ |
| २२८-०७५/१२/११ | कुइरीभव बांध निर्माण | २०.५२ | १४२/६८ | २९२८ |
| २३७-०७५/१२/१३ | हेल्थपोष्ट पश्चिम लाइन टोल ड्रेन निर्माण | ५१.८२ | १४२/६८ | ७३९४ |
| २४२-०७५/१२/२० | शशस्त्र बेसक्याम्पको भवन | १४८.९६५ | १४२/६८ | २१२५४ |
| २४३-०७५/१२/२० | यलम्वर मार्ग वरीपरी स्तर उन्नती | ४१.०४ | १४२/६८ | ५८५५ |
| २५०-०७५/१२/२१ | जरुवाटोली बेलवारी ६ | २२.१ | १४२/६८ | ३१५३ |
| २६६-०७५/१२/२९ | डांडाटोल बांसवारी कलभर्ट | ३३.५९ | १४२/६८ | ४७९२ |
| २६८-०७५/१२/२९ | हरियाली चौक कल्भर्ट | ८७.३४ | १४२/६८ | १२४६१ |
| २९३-०७६/१/२२ | सार्वजनिक गौ पानी टेङ्की | ८.१९ | १४२/६८ | ११६८ |
| ३०८-०७६/१/२९ | हेल्थपोष्ट पश्चिम लाईन टोल ड्रेन निर्माण | ५१.८२ | १४२/६८ | ७३९३ |
| ३०९-०७६/१/२९ | शान्तीमार्ग प्रमिश चौक दक्षिण पक्कि नाला | २६.२८ | १४२/६८ | ३७४९ |
| ३११-०७६/१/२९ | पुरानो वाहुनी ऐलानी टोल कयरखोला पूल | ५७.५ | १४२/६८ | ८२०४ |
| ३२८-०७६/२/५ | कसेनी वजारमा ड्रेन निर्माण | २९.३७ | १४२/६८ | ४१९० |
| ३२९-०७६/२/६ | बेलवारी १ सगरमाथा टोल विकास संस्था | ३२.५५ | १४२/६८ | ४६४४ |
| ३३२-०७६/२/८ | वजारमा पक्किनाला निर्माण | १९.६६ | १४२/६८ | २८०५ |
| ३४५-०७६/२/१४ | दिपज्योती नाला बेलवारी १ | ११.७४ | १४२/६८ | १६७५ |
| ३५२-०७६/२/१६ | नवदुर्गा पाञ्चायन मन्दिर | १७५.१६५ | १४२/६८ | २४९९२ |
| ३५३-०७६/२/१३ | सार्वजनिक सौचालय निर्माण | ७१.२८ | १४२/६८ | १०१७० |
| ३६५-०७६/२/२४ | जलेश्वर मन्दिर | २३.५५ | १४२/६८ | ३३६० |
| ३६७-०७६/२/२४ | राजा थपर सिंह महाराज भवन | २१७.०९ | १४२/६८ | ३०९७४ |
| ३६८.०७६/२/२४ | वडा नं४ को निराजन मार्गमा पूल निर्माण | १०५.६ | १४२/६८ | १५०६७ |
| ३८१-०७६/२/२९ | जनता मा.वि. कम्पाउण्ड वाल | ११५.७६ | १४२/६८ | १६५१६ |
| ३९१-०७६/३/१ | तामाङ गुम्वा घेरावारा | ३९.६० | १४२/६८ | ५६५० |
| ३९७-०७६/३/३ | रत्नमार्ग पक्किनाला | १२० | १४२/६८ | १७१२१ |
| ४०३-०७६/३/ | रिटेनिङ वाल बेलवारी १ | १२०.४५ | १४२/६८ | १७१८५ |
| ४१८-०७६/३/ | निराजन मार्ग पूल निर्माण | १०५ | १४२/६८ | १४९८१ |
| ४१९-०७६/३/ | दुधाखोला आर.सि.सि.वाल | २८.८ | १४२/६८ | ४१०९ |
| ४५८-०७६/३/ | दलित संग्रहालय भवन | १३१.६१ | १४२/६८ | १८७७८ |
| ४९८-०७६/३/३१ | रत्न मार्गमा पक्कि नाला | २२६ | १४२/६८ | ३२२४५ |
| | **जम्मा** | | | **४,४२,९८१** |

| | | |
|---|---|---|
| ७५. | **आयकर कम काटेको:-**आयकर ऐन, २०५८ अनुसार ढुवानीमा २.५ प्रतिशत र मूल्य अभिवृद्धि कर दर्ता भएको विजकमा १.५ प्रतिशतले कर लाग्ने व्यवस्था छ । कार्यालयवाट यस वर्ष सुकुना सिमसार र तल्लो सुकुना पुल र बुद्धमार्ग त्रिवेणी पथ थापाचौक सम्मको काममा प्रयोग भएको निर्माण सामाग्रि को ढुवानी एवं सप्लाइको काममा प्रयोग भएको प्यान विल रु. २,४२,६६०/- र भ्याट विल रु. १८,९१,६६७/-मा नियमानुसार लाग्ने कर रु. ३३,६०४/-कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रुं १९,८६६/- मात्र कट्टा गरेकोले रु.१३,७४६/-कम काटेको छ । अत: कट्टा गर्न छुट भएको कर रकम अशुल गर्नु पर्ने रु. | १३७४६/- |

७६. **उपभोक्ता समितिवाट कालोपत्रेको कामः-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने रु. ४,३७,९५,६१४/- को सडक कालोपत्रे लगायतको पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यस सम्बन्धि केहि व्यहोरा निम्नानुसार छनः

| भौ.नं. | योजना | रकम |
|---|---|---|
| १२-०७५/६/८ | गौथली चौक त्रिवेणी चौक सडक कालोपत्रे | १९९५५४० |
| २०-०७५/६/१५ | बुद्ध मार्ग त्रिवेणी पथ थापाचौकवाट हरियाली सडक | १६५१२३९ |
| ११७-०७५/१०३ | शिसौली रत्न मार्ग कालोपत्रे | ३०००००० |
| १८८-०७५/११/६ | कृषिमार्ग ३ नं. सिमा कालोपत्रे | २२६०००० |
| २१०-०७५/१२/६ | कृषिमार्ग ३ नं. सिमा दक्षिण वडा नं.४ कालोपत्रे | २२६०००० |
| २१९-०७६/१२/८ | नन्दलाल मार्ग कालोपत्रे वडा नं.४ | २३७३४४८ |
| २८६-०७६/१/१६ | वडा नं.५ कार्यालय अगाडी कालोपत्रे | १७८१४१७ |
| २९१-०७६/१/२० | गौथली चौक त्रिवेणी चौक सडक कालोपत्रे | २५००००० |
| २९६-०७६/१/२२ | भाउन्नेखोला देखि थापा चौक हुदै हरियाली चौक | ५६७११०० |
| २९८-०७६/१/२३ | विजुली अफिस जाने वाटो कालोपत्रे | २०८३२६९ |
| ३०४-०७६/१/२७ | नारायण चौक देखि चादनी चौक सम्मको सडक | १३६०८६३ |
| ३२७-०७६/२/५ | वडा नं.५ अगाडी कालोपत्रे | १७८१४१७ |
| ३५०-०७६/२/१६ | गौंथली चौक त्रिवेणीचौक कालोपत्रे | २२८९३४२ |
| ३५६-०७६/२/२० | संगमटोल वाटो निर्माण | २५००००० |
| ३५८-०७६/२/ | शिसौली रत्नमार्ग कालोपत्रे | २९५३३८८ |
| ३७०-०७६/२/२७ | नारायण चौक देखि चादनी चौक | १०१५०५६ |
| ३७५-०७६/२/२७ | भाउन्नेखोला हुदै हरियाली चौक | १२८८५३९ |
| ४०४-०७६/३/५ | नलवारी चौक देखि देवीगंज जोड्ने सडक | २७००००० |
| ४२९-०७६/३/१५ | शिसौली रत्नमार्ग कालोपत्रे | १८३०९९६ |
| ४३२-०७६/३/१६ | ढुकुरे चौक हुदै पुरानो सव्जी वजार जोड्ने सडक | ५००००० |
| | **जम्मा** | **४,३७,९५,६१४/-** |

७७. **विद्यालयको खर्चः-** विद्यालयकालागि आवश्यक पर्ने शिक्षक तलव वाहेक सम्पुर्ण रकम संघिय सरकारवाट बेहोरिने व्यवस्था छ । यस वर्ष नगरपालिकावाट देहाका विद्यालयहरुलाई रंगरोगन,फर्निचर खरिद,कम्पाउण्ड घेरावारा,व्लक विछ्याउने, चिल्ड्रेन पार्क, बगैंचा निर्माण, धारा जडान जस्ता कार्यकालागि रु.३२,८४,३०३/- खर्च लेखेको छ । संघिय निकायवाट समेत बेहोरिने यस्ता प्रकारका कार्यमा नगरपालिकावाट समेत खर्च गरींदा एउटै कामकालागि दोहोरो खर्च लेखेको हुन सक्तछ । दोहोरो खर्च नहुने व्यवस्था मिलाई खर्च गर्ने आधार नगरपालिकाले अवलम्वन गर्नु पर्दछ ।

| भौ.नं र मिति | विद्यालयको नाम | काम | रकम |
|---|---|---|---|
| ८२-०७५/९/८ | श्री पञ्चायत आ.वि. | रंगरोगन | १९५३९ |
| १०८-०७५/९/३० | धिरनाथ सम्फुल विश्वास मा.वि. | कम्पाउण्ड घेरावारा | २००००० |
| ११२-०७५/९/३० | कविर मा.वि. | व्लक विछ्याउने | ३९९९८७ |
| १६०-०७५/१०/२० | जनता मा.वि. | कम्पाउण्ड घेरावारा | ५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | १९०-०७५/११/७ | सुकुना आ.वि. | कम्पाउण्ड घेरावारा | २००००० | |
| | २४१-०७५/१२/२० | महेन्द्र मा.वि. | चिल्ड्रेन पार्क | १००००० | |
| | २४६-०७५/१२/२० | राम जानकी आ.वि. | कम्पाउण्ड घेरावारा | ४००००० | |
| | २९२-०७६/१/२२ | धनपाल मा.वि. | फर्निचर | ३९७७८५ | |
| | ३१२-०७६/१/२९ | महेन्द्र आ.वि. | बगैचा निर्माण | १७१२९७ | |
| | ३२२-०७६/२/३ | जनएकता आ.वि. | धारा जडान | १००००० | |
| | ३४७-०७६/२/१६ | मदरसा तरतीलुल कुरान | कम्पाउण्ड घेरावारा | २९९२०० | |
| | ३८१-०७६/२/२९ | जनता मा.वि. | कम्पाउण्ड घेरावारा | ३९६९३६ | |
| | ४५७-०७६/३/२४ | ज्ञानोदय आ.वि. | कम्पाउण्ड घेरावारा | ९९५५९ | |
| | | | जम्मा | ३२,८४,३०३/- | |
| ७८. | **नीजि क्षेत्रको कामः**-आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता,मितव्ययीता, कार्यदक्षता,प्रभावकारीता र औचित्यको दृष्टिकोणले स्वीकृत लागत खर्चको सिमा भित्र रही कार्यक्रम सञ्चालन गरिएको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने कुरामा विश्वस्त हुनु पर्ने उल्लेख छ । यस कार्यालयले यो वर्ष भानु मेमोरियल इङ्गलिस स्कुल र दाहाल प्रतिष्ठान जस्ता संस्थामा रु.४,८७,०५१/- खर्च गरेको छ ।कार्यालयले नाफामुलक एवं व्यक्तिगत प्रयोजनका लागि खोलिएका यस्ता संस्थामा खर्च गरेको नियम सम्मत नभएको रु. | | | | ४८७०५१/- |

| सि.नं. | भौ.नं. | संस्था | काम | रकम |
|---|---|---|---|---|
| १ | १००-०७५/९/१८ | भानु ममोरियल इङ्गलिस स्कुल | फर्निचर | १००००० |
| २ | ५०२-०७६/३/३१ | दाहाल प्रतिष्ठान | शौचालय निर्माण | ३७८५० |
| ३ | ३५५-०७६/२/२० | संत कबिर मठ | एम्बुलेन्स खरिद | २५०००० |
| ४ | ४००-०७६/३/५ | फुयाल समाज | भवन निर्माण | ९९२०१ |
| | | | **जम्मा** | **४,८७,०५१/-** |

| | | |
|---|---|---|
| ७९. | **डि.पि.आर.नगरी निर्माण कार्यः**-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि त्यस सम्वन्धि स्पेसीफिकेशन,योजना, नक्सा, डिजाईन, विशेष आवश्यक्ता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयवाट डाँगीहाट वजार शुक्रवारेमा व्यापारीक कम्प्लेक्स भवन निर्माण गर्न गत वर्ष रु.२६,७५,९०७/-र यस वर्ष रु.२६,३८,४४६/- समेत जम्मा रु.५३,१४,३५३/-भुक्तानी गरेको छ । उक्त निर्माण कार्य गर्नु पूर्व भवनको स्पेसिफिकेशन,डिजाईन, लागत अनुमान तयार गर्न विस्तृत अध्ययन गरेको छैन । विस्तृत अध्ययन नगरी वार्षिक रुपमा लागत अनुमान गर्ने र वजेट विनियोजन गरी खर्च गर्ने गरेको देखिन्छ । यसरी पुर्व अध्ययन विना हचुवाको भरमा लागत अनुमान वनाउने र वजेट विनियोजन गरी निर्माण कार्य गरेको नियम सम्मत नभएको रु. | ५३१४३५३/- |
| ८०. | **क्रमागत योजना**ः–सार्वजनिक खरिद नियमावली,२०६४को नियम ७ अनुसार सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधि सम्म सञ्चालन हुने योजनाको खरिद कार्य गर्दा खरिदको गुरुयोजना बनाउनु पर्ने उल्लेख छ । आर्थिक वर्ष २०७४/७५ मा उपभोक्ता संग सम्झौता गरी सोही वर्षको असार मसान्त सम्ममा कार्य सम्पन्न गर्नु पर्ने काम निर्धारीत समयमा सम्पन्न नभएको कारण कार्य पालिकाको मिति २०७५/४/१ को निर्णयले सोही वर्षको भदौ मसान्त सम्म म्याद थप गरी गौथली चौक,त्रिवेणी चौक सडक कालोपत्रे, सुकुना सिमसार र तल्लो सुकुना पूल निर्माण, वुद्ध मार्ग त्रिवेणीपथ थापाचौक हरियाली चौक सडक कालोपत्रे र डांगीहाट वजार व्यापारीक कम्प्लेक्स भवनको काम सम्पन्न गरी यस वर्ष रु. ८०,६६,१३०/-भूक्तानी भएको छ । अतः एक वर्ष भन्दा बढी समय लाग्ने उक्त खरिद कार्यको गुरु योजना तयार गरेको छैन । नगरपालिकाले खरिदको गुरुयोजना तयार नगरी एक वर्ष भन्दा बढी समय | ८०६६१३०/- |

| | लाग्ने उक्त काम उपभोक्तावाट गराएको अनियमित भएको रु. | |
|---|---|---|

| भौ.नं. | योजना | रकम |
|---|---|---|
| १२-०७५/६/१८ र ३८-०७५/६/२३ | गौथली चौक,त्रिवेणी चौक सडक कालोपत्रे | २५७५६६२ |
| १९-०७५/६/१५ | सुकुना सिमसार र तल्लो सुकुना पूल निर्माण | १०८५४०४ |
| २०-०७५/६/१५ | वुद्ध मार्ग त्रिवेणीपथ थापाचौक हरियाली चौक सडक कालोपत्रे | २७५२०६५ |
| २३-०७५/६/१६र ५४/०७५/७/२३ | डांगीहाट वजार व्यापारीक कम्प्लेक्स भवन | १६५२९९९ |
| | **जम्मा** | **८०,६६,१३०/-** |
| | | |

| | | |
|---|---|---|
| ८१. | **मूल्य अभिवृद्धि कर विजक जारी नगरेको:-**मूल्य अभिवृद्धि कर ऐन एवं नियम अनुसार मूल्य अभिवृद्धि कर लाग्ने बस्तुको कारोवारमा मूल्य अभिवृद्धि कर सहितको विजक जारी गर्नु पर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि कर लाग्ने बस्तु खरिदको लागि लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर समेत समावेश गरेको हुन्छ। यस वर्ष विभिन्न योजनाको निर्माण काम उपभोक्ता समिति वाट गराई विल पेश गर्दा ग्राभेल खरिदको विल मूल्य अभिवृद्धि कर सहितको पेश नगरी प्यान एवं हाते भर्पाई विल पेश भएको छ। देहाय अनुसारको उपभोक्ताले गरेको कामको रु. ९६,६६,६८९/- को खोलाजन्य सामग्री मू.अ.कर लाग्ने बस्तुको खरिद कार्यमा अनिवार्य रुपमा मू.अ.कर समावेश भएको विजक जारी भएको नदेखिएकोले मूल्य अभिवृद्धिकरको रकम रु.११,१२,०३१/-अशुल गर्नु पर्ने रु. | १११२०३१/- |

| भौ.नं. | योजना | रकम | १३ प्रतिशत मू.अ.कर |
|---|---|---|---|
| ५५-०७५/७/१९ | साखा वाटो मर्मत | १३६५०० | १५७०३ |
| ९०-०७५/९/१३ | वडा २ को सानातिना योजना | २०००० | २३०० |
| १०५-०७५/९/३० | धैलीखोला सिंचाई वांध | ७०३०० | ८०८७ |
| १०६-०७५/९/३० | बुधवारे मखनखाडी बांसवारी सडक | २६९०० | ३०९४ |
| १०७-०७५/९/३० | विभिन्न सडक मर्मत | ४७००० | ५४०७ |
| १०८-०७५/९/३० | धिरनाथ संफुल विश्वास मा.वि. | १५००० | १७२५ |
| ११८-०७५/१०/३ | श्रीपूर सवार अधुरो पैनी निर्माण | ५५००० | ६३२७ |
| १२९-०७५/१०/९ | थप्पर सिंह महाराज थान | २०४५०० | २३५२६ |
| १३०-०७५/१०/९ | त्रिवेणी चौक वलिहाङ्ग टोल | १०५६०० | १२१४८ |
| १३५-०७५/१०/११ | पदझाव मार्ग पक्की नाला | ३०३९०० | ३४९६१ |
| १३९-०७५/१०/१३ | वडा नं. ३ संझना चौक पश्चिम कल्भर्ट | ४५३०० | ५२११ |
| १४२-०७५/१०/१३ | ३ नं. वडा मर्मत सम्भार | १९००० | २१८५ |
| १५१-०७५/१०/१६ | ३ नं.टोल नाला निर्माण वडा ११ | ४९९०० | ९७४० |
| १६२-०७५/१०/२१ | शनिश्चरे कृषि उपज वजार | ८४७९२ | ९७५४ |
| १७०-०७५/१०/२४ | स्मृती मार्ग वाटो ग्राभेल | २३०००० | २६४६० |
| १८३-०७५/११/५ | यलम्वर मार्ग वरपर मर्मत | १२०००० | १३८०५ |
| १८७-०७५/११/६ | ससस्त्र वेश क्याम्प भवन | ६७००० | ७७०७ |
| १९४-०७५/११/९ | कविर मार्ग | ८७००० | १०००८ |
| २०२-०७५/१२/४ | शुक्रपथ पव्लिक ढल | ४५१३०० | ५१९१९ |
| २०३-०७५/१२/४ | टुक्रे रामपूर देखि मटियारी चौक सडक | ३४९०४० | ४०१५५ |

| | | | |
|---|---|---|---|
| २०७-०७५/१२/४ | मन्दिरा के.सि.को घर दक्षिण बाटो | ४५००० | ११५० |
| २२०-०७५/१२/८ | अनाथ चौक पूर्व कल्भर्ट मर्मत | ७३८०० | ८४९० |
| २२२-०७५/१२/८ | विहिवारे देखि देवी सरको घर सम्म सडक | ४९६४४० | ५७११२ |
| २२३-०७५/१२/८ | कपरखोला देखि प्रदिपको घर जाने सडक | ४७६१५३ | ५४७७८ |
| २२४-०७५/१२/११ | देवान सिंह मार्ग ग्राभेल | १०१४०० | ११६६५ |
| २२७-०७५/१२/११ | मिलन टोल ड्रेन निर्माण | १५०००० | १७२५६ |
| २३९-०७५/१२/१५ | चन्द्रपूर गणेश सुवेदीको घर वाटो | ६२५०० | ७१९० |
| २४३-०७५/१२/२० | यलम्वर चौक वरीपरी स्तर उन्नती | २००००० | २३००८ |
| २४६-०७५/१२/२० | राम जानकी आ.वि. | ३७५०० | ४३१४ |
| २५१-०७५/१२/२१ | दिपज्योती स्तर उन्नती | ११५००० | १३२२० |
| २६०-०७५/१२/२७ | किसान मार्ग | ४००५०० | ४६०७५ |
| २७१-०७६/१/४ | श्रीसम सर्दारको घर देखि सारी विधा सम्म | ३९१५३ | ४५०४ |
| २७२-०७६/१/५ | बांसवारीगढी गाउं सम्म | १३८००० | १५८७६ |
| २८६-०७६/१/१६ | वडा ५ कार्यालय अगाडी कालोपत्रे | ४१३३६६ | ४७५५५ |
| २९१-०७६/१/२० | गौथली देखि त्रिवेणी चौक सम्म | ५८०००० | ६६७२५ |
| ३०५-०७६/१/२७ | शुक्रपथ पक्की ढल निर्माण | ३४६४०० | ३९८५१ |
| ३२०-०७६/२/३ | वडा नं.९ को सानातिना सडक मर्मत | ७३३१८२ | ८४३४८ |
| ३२८-०७६/२/५ | कसेनी वजार ढल निकास | ६१८७६ | ७११८ |
| ३२९-०७६/२/६ | बेलवारी १ सगरमाथा टोल विकास | १२०६०० | १३८७४ |
| ३३०-०७६/२/७ | वडा नं.१ वाटो मर्मत | ३४५४२ | ३९७३ |
| ३३८-०७६/२/९ | साना योजना सडक मर्मत | ३६१७१५ | ४१६१३ |
| ३४४-०७६/२/१४ | विजुली अफिस जाने वाटो कालोपत्रे | १५२००० | १७४८६ |
| ३५०-०७६/२/१६ | गौंथली त्रिवेणी सडक | १५४०० | १७७१ |
| ३५१-०७६/२/१६ | सत्संग भवन निर्माण | २८६०० | ३२९० |
| ३५९-०७६/२/२० | साङ्लीनार किसान प्रा.वि.बाटो निर्माण | ९१००० | १०४६९ |
| ३६४-०७६/१/२३ | विभिन्न वाटो मर्मत वडा नं.१० | ९७५५० | ११२२२ |
| ३७७-०७६/२/२८ | वडाको सानातिना योजना | १००००० | ११५०४ |
| ३८१-०७६/२/२८ | जनता मा.वि. कम्पाउण्ड वाल | ४०००० | ४६०१ |
| ३९१-०७६/३/१ | नेपाल तामाङ्ग गुम्वा | ४०५०० | ४६५९ |
| ३९१-०७६/३/१ | हेल्थपोष्ट पशिचम लाइन सडक | ९१८०० | १०५६१ |
| ४०१-०७६/३/५ | माफीगाउ सिर्तमान सडक | १८८००० | २१६२८ |
| ४०४-०७६/३/५ | नलवारी चौर देखि देवीगंज उत्तर कालोपत्रे | ३३८००० | ३८८८४ |
| ४१७-०७६/३/१२ | सहकारी उत्तर पूर्व जाने वाटो | ८०००० | ९२०३ |
| ४१९ | दुधाखोलामा तिनपैनी वाल | ९६००० | ११०४४ |
| ४२९-०७६/३/१५ | शिसौली रत्न मार्ग | २०८०८० | २३९३८ |
| ४४०-०७६/३/१८ | कपटवोला तटवन्धन | ८१२०० | ९३४१ |
| ४५६-०७६/३/२४ | दौलतपूर गयल खोला ७ | ८८००० | १०१२३ |
| ४७९-०७६/३/२७ | खेलकुद मञ्चमा आर.सि.सि.ढलान | ४८४०० | ५५६८ |
| ४९३-०७६/३/३१ | कदमचौक उत्तर बाटो मर्मत | १२२००० | १४०३५ |

| | | | |
|---|---|---|---|
| ४९४-०७६/३/३१ | थप्पर सिंह महाराजथान | ११५००० | १३२३० |
| | **चालु तर्फ** | ० | ० |
| ५७-०७५/७/२६ | बेलवारी ७ का विभिन्न सडक | १७०००० | १९५५७ |
| | जम्मा | ९६६६६८९ | ११,१२,०३१/- |

८२. **ढुवानी करः-** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ढुवानी सेवा शुल्कमा २.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । विभिन्न उपभोक्ता समितिवाट भएका निर्माण सम्वन्धि कार्यको विल साथ पेश भएको विभिन्न व्यक्ति एवं संस्थाहरुले ढुवानी सम्वन्धि कार्यको रु.२०,०००/- भन्दा कमको हाते विल पेशगरी रु.१०,८९,६९२/-खर्चमा १.५ प्रतिशतले मात्र कर कट्टा गरेको छ । कानुन अनुसार विल रकमवाट थप १ प्रतिशतले हुने रु.१२,५९,६९२/-रकम कट्टा गर्न छुट भएको छ । विल रकमवाट कट्टा गर्न छुट भएको १ प्रतिशत रकम अशुल गर्नु पर्ने रु. १२५९७/-

| **भौ.न** | **योजना** | **रकम** | **कट्टा गर्न छुट १ प्रतिशत रकम** |
|---|---|---|---|
| ५५-०७५/७/१९ | साखा वाटो मर्मत | १३६५०० | १३६५ |
| ९०-०७५/९/१३ | वडा २ को सानातिना योजना | २०००० | २०० |
| १२९-०७५/१०/९ | थप्पर सिंह महाराज थान | २०४५०० | २०४५ |
| १३०-०७५/१०/९ | त्रिवेणी चौक वलिहाङ्ग टोल | १०५६०० | १०५६ |
| १६२-०७५/१०/२१ | शनिश्चरे कृषि उपज वजार | ८४७९२ | ८४८ |
| १९४-०७५/११/९ | कविर मार्ग | ८७००० | ८७० |
| २०२-०७५/१२/४ | शुक्रपथ पव्लिक ढल | ४५१३०० | ४५१३ |
| | **चालु तर्फ** | ० | ० |
| ५७-०७५/७/२६ | बेलवारी ७ का विभिन्न सडक | १७०००० | १७०० |
| | जम्मा | १२,५९,६९२/- | १२,५९७/- |

८३. **नन् फाईलरः-** यस वर्ष कार्यालयले सुधिर हार्डवेयर र क्लासिक कम्प्यूटर्स वाट विभिन्न सामान खरिद गरी रु.१७,७६०/-भुक्तानी गरेको छ ।उक्त फर्महरुले पेश गरेको विजकहरु नन् फाईलर भएको देखियो ।

| **सि.नं.** | **भौ.नं.** | **फर्म** | **प्यान नम्वर** | **रकम** |
|---|---|---|---|---|
| १ | १३५-०७५/११/११ | सुधिर हार्डवेयर | ३०४७०४६९९ | ९२६० |
| २ | १३५-०७५/११/११ | क्लासिक कम्प्यूटर्स | ३०४३९७८९९ | ५००० |
| ३ | २०४-०७५/१२/४ | क्लासिक कम्प्यूटर्स | ३०४३९७८९९ | ३५०० |
| | | | **जम्मा** | **१७,७६०/-** |

८४. **प्रमाण नभएकोः-**(भौ.नं.४२५-०७६/३/१३) वडा नं. ७ का वडा सचिव उमेश खनालले यूवा लक्षित खेलकुद सामाग्रि वितरण गर्न फुटवल लगायतका सामानको विल रु.५००००/- पेश गरी भुक्तानी लिएको देखिन्छ । उक्त सामान वितरण गरेको भर्पाइ लगायतका प्रमाण पेश भएन ।

**स्वास्थ्यतर्फ**

८५. **चर्मरोगः-(८३/२०७६।१।३)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले चर्मरोग शिविर संचालन गरेको भनी रु.१,८८,२००।- खर्च भएकोमा शिविरमा वितरण गर्न भनी खरिद भएको निम्नानुसारका समानहरु वितरण भएको नदेखिएकोले कार्यालयले समान खरिद गर्दा उक्त शिविरमा खर्च हुने नहुने यकिन नगरि खरिद गरेको देखिन्छ । सामान वितरणको भपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ३००००/-

| **सि.नं.** | **सामानको नाम** | **भुक्तानी रकम** |
|---|---|---|
| १ | Walker | ९०००.०० |

| | | | |
|---|---|---|---|
| | | | |

| | | |
|---|---|---|
| २ | curchasw | १२०००.०० |
| ३ | plain stick | ९०००.०० |
| **जम्मा** | | **३००००.००** |

८६. **कम्प्युटरः-(१४५/२०७६।३।३०)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन तोकिएको कार्यक्रममा खर्च भएको छ छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ ।कार्यालयले स्वास्थ्यतर्फ मेशिनरी औजार खरिदका लागि आएको रकम रु ४६,०००/- पूर्ण खोप संचालनको कार्यक्रममा खर्च गरेको देखिएकोले अनियमित देखिएको रु. ४६०००/-

८७. **भपाईः-(१४०/०७३-३-२८)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका कार्यक्रममा सम्वन्धित व्यक्तिले भत्ता वुझेको भपाई पेश नभएकोले असुल गर्नुपर्ने रु. २२७८०/-

| सि.नं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | मेरो वर्ष अभियान | २०००.०० |
| २ | लामो अवधि जन्मान्तर | ७६६५.०० |
| ३ | प्रजनन् स्वास्थ्य कार्यक्रम | ६५७०.०० |
| ४ | पूर्ण खोप दिगोपना | ६५४५.०० |
| **जम्मा** | | **२२७८०.००** |

**शिक्षातर्फ**

८८. **विद्यालयगत निकासा किताव-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले विद्यालयलाई निकासा दिएको रकमको विद्यालयगत निकासा किताव तयार गरेको देखिएन । विद्यालयगत निकासा किताव तयार गरि शिक्षकको निकासा दिने तर्फ ध्यान दिनु पर्दछ ।

८९. **शिक्षण सिकाई सहयोग अनुदान :-(१४२/०७६-३-३०)**कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ र शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानोठिमि भक्तपुरको च.नं. १३३ मिति २०७६।३।२७ को पत्रानुसार २०७६ शैक्षिक सत्र को लागि माध्यमिक तह अनुमति पाएका तर दरवन्दी स्वीकृत नभएका विद्यालयका लागि प्रति विद्यालय रु ३६६०००/- को दरले रु.२१९६०००/- अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक नियुक्तिका लागी रकम निकासा भएको देखिन्छ । माध्यमिक तर्फ रु.१४६४०००/- तल उल्लेखित विद्यालयलाई निकासा गरेको छ । कारणवस माध्यमिक तहमा वढी भएको अवस्थामा ६-८ विज्ञान गणित र अंग्रेजी विषयमा शिक्षक नियुक्तिका लागि प्रयोग गर्न सक्ने र यसरी अर्को तहमा उपयोग गर्ने अवस्था देखिएमा शिक्षा तथा मानव श्रोत विकास केन्द्र को सहमति लिनुपर्ने उल्लेख गरेकोमा नगरपालिकालले मानव श्रोत विकास केन्द्र को स्वीकृत वेगर निम्नानुसार आधारभुत विद्यालयलाई रु.७३२०००/- निकासा दिएको छ । त्यसैगरी निकासा रकमको शिक्षक नियुक्ति पत्र पेश भएको नदेखिएकोले नियुक्ती पत्र पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु. २१९६०००/-

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | जनता मा.वि. वेलवारी | ३६६०००.०० |
| २ | कविर मा.वि. वेलवारी | ३६६०००.०० |
| ३ | महेन्द्र मा.वि. वेलवारी | ३६६०००.०० |
| ४ | विरेन्द्र मा.वि. वेलवारी | ३६६०००.०० |
| ५ | रणपाल नि.मा.वि. वेलवारी | २४४०००.०० |
| ६ | देवकोटा नि.मा.वि. वेलवारी | २४४०००.०० |
| ७ | दिपज्योति निमावि वेलवारी | २४४०००.०० |

| | |
|---|---|
| जम्मा | २१९६०००.०० |

९०. **कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद ऐन, २०६४ अनुसार निर्माण कार्य सम्पन्न भैसकेपछि प्राविधिक पुष्ट्याई सहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।भौतिक निर्माण सुधार तर्फ विद्यालय क्षेत्र सुधार कार्यक्रमतर्फ निम्न विद्यालयलाई भुक्तानी भएको कार्यको कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्रै निर्माण सम्पन्न गरी निर्माण कार्यको सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.... ५६८५६२४/-

| भौ.नं. मिति | विद्यालयको नाम | निर्माण कार्य | रकम |
|---|---|---|---|
| १०४/०७६।३।२३ | लक्ष्मि मा.वि. | ४ काठे क्रमागत | १०८५६२४.०० |
| ६/०७६।३।१६ | जनता मा.वि. राधानगर (पूंजिगत) | २ कोठे फर्निचर सहित | १६०००००.०० |
| ६/०७६।३।१६ | देवकोटा नि.मा.वि. (पूंजिगत) | २ कोठे फर्निचर सहित | १६०००००.०० |
| १२१/०७६।३।१६ | धिरनाथ मा.वि. वेलवारी | वास सुविधा सहित शौचालय | ७०००००.०० |
| १२५/०७६।३।२५ | लक्ष्मि मा.वि. वेलवारी | वास सुविधा सहित शौचालय | ७०००००.०० |
| जम्मा | | | ५६८५६२४.०० |

९१. **विशेष शिक्षा:-** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार श्रोत कक्षा संचालन अनुदान स्थानीय तहमा संचालनमा रहेका श्रोत कक्षाहरुको व्यवस्थापनका लागि प्रति श्रोत कक्षा वार्षिक रु. १६००००। का दरले श्रोत कक्षा संचालन भएको विद्यालयलाई अनुदान, श्रोत शिक्षक वा घुम्ति शिक्षक अपाङ्ग वालवालिकालाई अतिरिक्त समय सहयोग गरे वापत थप सुविधा वार्षिक रु.६०००/- श्रोत कक्षा शैक्षिक सामाग्री व्यवस्थापन रु.१००००/- आयाको परिश्रमिक वार्षिक रु.१३००००/- श्रोत कक्षा व्यवस्थापन लुगाफाटा भाडाकुडा औषधी रु.१००००/- अतिरिक्त क्रियाकलापका लागि वार्षिक रु ४०००/- र यस प्रकृतिका विद्यालय संचालन भएका स्थानिय तहले विद्यालयलाई प्रति विद्यार्थि रु. ४ हजारका दरले एकमुष्ट निकासा दिने व्यवस्था गरको छ । यसरी कविर मा.वि. मा श्रोत कक्षा संचालनमा रहेको र उक्त विद्यालयमा १२ जना विद्यार्थि अध्ययनरत रहेको देखिन्छ । जस अनुसार विद्यार्थि संख्या को रु.४८०००/- गरी एकमुष्ठ रु. ३६८०००/- निकासा हुनुपर्ने देखिन्छ । कार्यालयले यो वर्ष विभिन्न भौचर वाट कविर मा.वि. लाई रु.९९८०००/- निकासा दिएकोले वढी निकासा भएको रकम असुल गर्नुपर्ने रु. ६३००००/-

९२. **प्राविधिक धारतर्फ:-** प्राविधिक धार संचालन गर्ने विद्यालयका लागि ल्याव व्यवस्थापन तथा प्रविधिक विद्यार्थी लागत अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार हालसम्म संचालनमा रहेका प्राविधिक धारका विद्यालयलाई प्रति विद्यालय रु.२०००००/- का दरले ल्याव व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने र विद्यालयले प्रा.वि. तृतिय स्तरको ल्याव असिष्टेन्ट लागि पारिश्रमिक उपलब्ध गराउने व्यवस्था गरेकोमा ल्याव असिष्टेन्ट को तलवि भरपाई पेश भएको देखिदैन कार्यालयले निजको तलवि भपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. २०००००/-

९३. **नमुना विद्यालय-** कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार जिल्लागत निर्वाचन क्षेत्रगत नमुना विद्यालय विकासका लागि जनता मा.वि. वाहुनि वेलवारी ९ लाई रु १ करोड ५० लाख निकासा गरेको छ । नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौत्तिक निर्माण अनुदान प्राप्त रकम विद्यालयले **विद्यालय भवन निमार्ण, ICT LAB,विज्ञान प्रयोगशाला पुस्तकालय व्यवस्थापन तथा थप शिक्षक व्यवस्थापनका** लागि रकम उपयोग गर्न सक्ने भनी उल्लेख छ । विद्यालयले भौतिक निर्माण कार्य गर्दा खरिद दिग्दर्शन सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिक खरिद गर्नपर्ने उल्लेख छ । लेखापरीक्षणको अवधि सम्म विद्यालयको निर्माण कार्यको अनुगमन प्रतिवेदन पेश नभएकोले विद्यालयले खरिद भएका प्रयोगशाला सामाग्री, पुस्तकालय व्यवस्थपनमा भएको खर्च का विल भपाई र निर्माण भएका भवन तथा कक्षा कोठा संख्या को नापि किताव, स्वीकृत गुरुयोजना र कार्य सम्पन्न प्रतिवेदन पेश गनुपर्ने रु. १५००००००/-

९४. **उत्कृष्ट सिकाई उपलब्धि:-(१४२/२०७६।३।३०)** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन सुचकका आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने र प्राप्त प्रस्तावका आधारमा उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान दिने व्यवस्था गरेको छ । २०००००/-

<table>
<tr><td></td><td>उत्कृष्ट नतिजा हासिल गर्ने एक विद्यालयलाई एकमुष्ठ रु २०००००/- अनुदान रकम निकास दिने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष उत्कृष्ट विद्यालय घोषणा गरेको छैन । उत्कृष्ट विदालयलाई प्राप्त रकम समेत कार्यसम्पादनमा आधारित विद्यालयलाई निकासा दिएकोले उत्कृष्ट विद्यालय घोषणा नगरि खर्च लेखेको रकम रु २०००००। असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>९५.</td><td>कर्मचारी तलव भत्ताः- कार्यालयले स्थानिय तहमा कार्यरत कर्मचारीको तलव भत्ता वित्तिय समानिकरण चालुतर्फ वाट खर्च लेख्नुपर्नेमा कार्यालयमा कार्यरत निम्नानुसारका कर्मचारीहरुको तलव भत्ता शिक्षक तलव भत्ता वाट खर्च लेखेकोले संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.</td><td>४७९५०८/-</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जिवन गड्तौला</td><td>३३७९८०.००</td></tr>
<tr><td>२</td><td>उपेन्द्र कोइराला</td><td>१४१५२८.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४७९५०८.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९६.</td><td>निशुल्क पाठ्यपुस्तकः-(७५/०७३-१२-१४) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५।०७६ मा प्रति बिद्यार्थी लागतको आधारमा कक्षा १-१० सम्म आधारभुत विद्यार्थीका लागि निशुल्क पाठयपुस्तक उपलब्ध गराउने सम्भावित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांक संकलन गरि एकिन संख्याको आधारमा दोस्रो चौमासिक भित्र पहिलो पटक निकासा गर्दा बिद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत बिद्यार्थी भर्ना भएको विवरण पाठय पुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था उल्लेख छ । कार्यालयले मिति २०७६।१२।१४ मा पाठ्य पुस्तक रकम रु.३२,७१,१२१/- को ७५ प्रतिशतले हुने रकम रु.२४,५३,३४१/- निकासा गरेकोछ । यसरी वाँकि २५ प्रतिशत रकम निकासा गर्दा पाठ्यपुस्तक खरिद र वितरणको आधारमा नपुग रकम निकासा गर्नुपर्नेमा कार्यालयले भौ.नं.९८ वाट रु.३,००,०००/- र भौ.नं.१२१ वाट रु.७,६५,४३४/- गरी रु.१०,६५,४३४/- निकासा गरेको देखिन्छ । यसरी पाठ्यपुस्तक तर्फ विद्यार्थी संख्याको आधारमा अधिकतम यो वर्ष रु.३२,७१,१२१/- निकासा हुनुपर्नेमा रु.३५,१८,७७५/- निकासा भएकोले वढी निकासा भएको रकमको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>२४७६५४/-</td></tr>
<tr><td>९७.</td><td>छात्रवृत्ति तर्फः-कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५।७६ अनुसार नगरपालिका भित्र रहेका विद्यालयको विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति रकम निकासा गनुपर्ने उल्लेख छ । नगरपालिकाले छात्रवृत्ति निकासा गर्दा EMIS रिपोर्टमा उल्लेख भएको विद्यार्थी संख्याको आधारमा निकासा गरी सकेपछि छात्रवृत्ति रकम छुट निकासा भनी निम्नानुसारका विद्यालयको नाममा निकासा भएकोमा निकासा छुट भएको नदेखिएकोले वढी निकासा भएको असुल गर्नुपर्ने रु.</td><td>२२०००/-</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>वढी निकासा</th></tr>
<tr><td>१</td><td>जनता मा.वि. वेलवारी ८</td><td>९२००.००</td></tr>
<tr><td>२</td><td>जनता मा.वि. वेलवारी १</td><td>७२००.००</td></tr>
<tr><td>३</td><td>जनता मा.वि. वेलवरी ५</td><td>५६००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२२०००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>सशर्त पूंजिगततर्फ</td><td></td></tr>
<tr><td>९८.</td><td>सुपारी विरुवाः-(८/०७३-३-२६)आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । उज्वल बहुमुखि फर्म वाट रु.७२,०००/- मा सुपारी विरुवा १२०० गोटा खरिद गरेकोमा २६० विरुवा मात्र वितरण गरेको पाइएकोले वाँकि विरुवा ९४० गोटा को रु.५६,४००/- असुल गर्नुपर्ने रु.</td><td>५६४००/-</td></tr>
<tr><td>९९.</td><td>आधारभुत स्वास्थ्यः-(९/०७३-३-३०) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । आधारभुत स्वास्थ्य केन्द्र का लागि भनी ड्रग इन्टरनेशनल वाट रु.४९९०५६/- को औषधि खरिद भएकोमा रु ५४५६४०/- भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रकम रु.४६६२७/-असुल गर्नुपर्ने रु.</td><td>४६६२७/-</td></tr>
</table>

| | | |
|---|---|---|
| १००. | **विमा रकमः-** आधारभुत स्वास्थ्य केन्द्र निर्माणका लागि निम्न निर्माण व्यवसायिलाई भुक्तानी भएको विमा र निर्माण सामग्रि परिक्षण रकमको विल विजक पेश नभएकोले सो वापत भएको भुक्तानी भएको रकमको विजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १४८०९१/- |

| निर्माण व्यवसायिको नाम | विजक रकम | भुक्तनी रकम | विजक पेश नभएको रकम |
|---|---|---|---|
| मोरङ्ग कन्स्ट्रक्सन | ५००००.०० | ५००००.०० | ५००००.०० |
| श्लोक कन्स्ट्रक्सन | २६९०९.०० | ५००००.०० | २३०९१.०० |
| वालिया कन्स्ट्रक्सन | ५००००.०० | ५००००.०० | ५००००.०० |
| मोरङ्ग कन्स्ट्रक्सन (निर्माण समाग्री परिक्षण) | २५०००.०० | २५०००.०० | २५०००.०० |
| **जम्मा** | **१५१९०९.००** | **१७५०००.००** | **१४८०९१.००** |

| | | |
|---|---|---|
| १०१. | **मूल्य अभिवृद्धि कर :**नेपाल सरकार को २०७६/०७७ को वजेट भाषण अनुसार ठेक्का सम्झौताद्धारा भएको भुक्तानीमा १३ प्रतिशत मुल्य अभिवृद्धि कर रकम कार्यालयले नै कट्टी गरी आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले निम्नानुसारका भुक्तानी मा भ्याट रकम कट्टी गरेको नदेखिएकोले मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.. | ५६९३८१/- |

| भौ.नं मिति | पार्टिको नाम | शिर्षक | मु.अ.कर रकम | ६.५प्रतिशत रकम |
|---|---|---|---|---|
| १०-२०७६।३।३० | मोरङ्ग कन्स्ट्रक्सन | ससर्त पुंजिगत | २००७९७.०० | १००३९८.०० |
| १०-२०७६।३।३० | मोरङ्ग कन्स्ट्रक्सन | ससर्त पुंजिगत | १८०३७४.०० | ९०१८६.०० |
| १०-२०७६।३।३० | मोरङ्ग कन्स्ट्रक्सन | ससर्त पुंजिगत | १८५८२३.०० | ९२९१२.०० |
| ७-२०७६।३।३१ | आर वान कन्स्ट्रक्सन | स्थानिय पूर्वाधार | ५७१७७०.०० | २८५८८५.०० |
| जम्मा | | | | ५६९३८१.०० |

| | | |
|---|---|---|
| | **स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम** | |
| १०२. | बेलबारी बहुमुखी क्याम्पस र ढुकुचु चौधरी जे.भी. संग रु. ४,२५,९५,३७७/७० मा भवन निर्माण गर्ने सम्झौता भएको थियो । सम्झौता अनुसार नगरपालिकाबाट रु.१७०३८१५१।०८ दिने शर्त बमोजिम कार्यालयवाट निर्माण व्यवसायीलाई रु. ४८,१८,०००/- भुक्तानी भएको छ । भवन निर्माण गर्ने सम्झौता भए अनुसार को रकम भुक्तानी गर्ने निर्णय र कार्यालय, क्याम्पस र ढुकुचु चौधरी जे.भी. विच भएको त्रिपक्षिय सम्झौता समेत लेखापरीक्षणको समयमा पेश हुन नसकेकोले भुक्तानी भएको रकम निर्णय र सम्झौता अनुसार नै भुक्तानी भएको हो भन्ने आधार देखिएन । निजिक्षेत्रबाट संचालित प्रवधिर्त बेलवरी क्याम्पस नगरपालिकाबाट ठेक्का व्यबस्था भई भूक्तानी गरेको आधार पेश हुनु पर्ने रु. | ४८१८०००/- |
| | **कृषि कार्यक्रम तर्फ** | |
| १०३. | **कृषक पाठशालाः-(१३३/२०७६।३।२६)**आइ.पि.एम कृषक पाठशाला संचालन कार्यविधि तथा नर्म्स, २०७५ कृषि विभाग, कृषि प्रसार, निर्देशनालयले तयार गरेको निर्देशिका अनुसार कृषक पाठशाला संचालन गर्नुपूर्व IPMसहजकर्ता,IPMकृषक सहजकर्ता, जनप्रतिनिधि, कृषि विकास शाखा प्रमुख, विषय विषेशज्ञ समेत स्थलमा गई नगरले निर्धारण गरेका पकेट क्षेत्रहरुमा गठन भई सकेका, पुनर्गठन गर्नुपर्ने भए सोही अनुसार पुनर्गठन गरी २ वर्ष कृषक पाठशाला संचालन नभएका कृषक समुहलाई छनौट गरी कृषक पाठशाला संचालन गनुपर्ने र कृषक पाठशाला १६ देखी २० हप्ता एक वाली अवधि भरको हुने उल्लेख गरेको छ । कार्यालयले कृषक पाठशाला संचालनमा कृषक पाठशालाको लागि आवश्यक सामाग्री मल विउ विजन खरिद गरेको देखिदैन कार्यालयले ३ दिनको ३ पटक सम्म कृषि तालिम संचालन भनी रु.१८००००। खर्च गरेको छ । यसरी निर्देशिकाले गरेको व्यवस्था भन्दा भिन्न किसिमले कार्यक्रम संचालन भएको रकम सम्वन्धित कार्यमा खर्च भएको नदेखिएकोले कृषक पाठशालाको रकम असुल गर्नुपर्ने रु. | १८००००/- |
| १०४. | **वढी भुक्तानीः-(१५०/२०७६।३।३०)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले | ३२०००/- |

| | | |
|---|---|---|
| | डि.एण्ड.वि. कृषि फर्मलाई रु १३७९००/- भुक्तानी भएकोमा १०५९००/- विल भपाई पेश भएको देखिएकोले वढी भुक्तानी भएको रकम रु.३२०००/- असुल गर्नुपर्ने रु. | |
| १०५. | **संघिय कोषः-** ससर्त अनुदान तर्फ रु.२०,४६,९०,०५५/६२ निकासा भएकोमा आ.व.को अन्त्य सम्ममा चालु तर्फ रु.१९,१९,२८,१०९/६२ र पुजिगत तर्फ रु.२६,५३,४४६/- गरी जम्मा रु.२०,४५,८१,५५५/६२ खर्च भै वांकी रहेको रकम रु.१०,८,५००/- अनुदान फिर्ता गरेको नदेखिएकोले सो वाँकी रकम संघिय कोषमा फिर्ता गर्नु पर्ने रु... | १०८५००/- |
| १०६. | **कन्टिजेन्सीः-** कन्टिजेन्सी वापत छुट्याइएको रकम सोही आ.व.मा सम्वन्धित शिर्षकमा खर्च लेख्नुपर्ने सो रकम आ.व.को अन्त्य सम्ममा खर्च नभएमा को.ले.नि.का तथा प्र.ले.नि.का.मा निकासा फिर्ता गर्नु पर्नेमा तपसिल अनुसारका कार्यक्रमको कन्टिजेन्सी वापतको रकम आ.ब. को अन्त्य सम्म खर्च नभएको रु ५९८५७५.०० स्थानिय संचित कोषमा दाखिला भएकोमा राजश्व शिर्षक नं १५११३ बेरुजु खातामा दाखिला हुनु पर्ने रु... | ५९८५७५/- |

| सिनं | मिति | कार्यक्रमको नाम | दाखिला रकम |
|---|---|---|---|
| १ | ०७६/०८/३० | प्रदेश सरकारवाट हस्तान्तरित सशर्त अनुदान | ६३०००.०० |
| २ | ०७६/०३/३० | संघीय सरकारवाट हस्तान्तरित सशर्त अनुदान (पुजीगत खर्च) | ८५१४०.०० |
| ३ | ०७६/०८/३० | प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम | ४३२४३५.०० |
| ४ | ०७६/०८/३० | संघीय सरकारवाट हस्तान्तरित सशर्त अनुदान (चालू खर्च) | १८०००.०० |
| | | **कुल जम्मा** | **५९८५७५.००** |

| | | |
|---|---|---|
| | **सामाजिक सुरक्षातर्फ** | |
| १०७. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष नगरकार्यपालिकाको सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो किस्ता सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा पेश भएको भुक्तानी अभिलेख र भरपाईहरु लाई भिडाउदा देखिएका व्यहोरा निम्नानुसार रहेको छः- | |
| १०८. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि-५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । कार्यालयले MIS अभिलेख तयार गरेको देखिएन । | |
| १०९. | सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा यस नगरपालिका अर्न्तगतका वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको ल्याप्चे लगाएको भर्पाई पेश गरी पेश्की फछ्यौंट गरेकोमा नागरिकता एवं परिचयपत्र उल्लेख नगरी भत्ता वितरण गरेकोमा सो रकम सामाजिक सुरक्षा प्राप्त गर्न योग्य व्यक्तिहरुलाई नै वितरण गरेको हो भन्ने सम्बन्धमा विश्वस्त हुन सक्ने आधार देखिएन । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रत्येक व्यक्तिको नागरिकता नम्बर अनिवार्यरुपमा उल्लेख गनुपर्ने देखिन्छ । | |
| ११०. | सामाजिक सुरक्षा वापत विनियोजित रु १२,०४,२१,०००/- मध्ये रु ११,५५,०८,८००/- निकासा भएको छ । सामाजिक सुरक्षा वापतको रकम वेभ साइडमा भएको लाभग्राहीहरुको विवरण अनुसार प्रथम चौमासिकमा नगद वितरण भएको छ । दोस्रो र तेस्रो चौमासिकमा बैक मार्फत भूक्तानी भएको छ । अपाङ्गता भएका व्यक्ति, बालवालिकाहरुको वितरणको लागि कर्मचारीहरुलाई पेश्की दिएको । बैकमा दाखिला भएकोमा उक्त रकम पाउने लाभग्राहीको खातामा रकम जम्मा भएको भिडान गरी लगत कट्टा भएका लाभग्राहीहरुको बांकी रहेको रकम एकिन गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने देखिन्छ । अपाङ्गता भएका व्यक्ति, बालवालिकाहरुको वितरणको लागि कर्मचारीहरुलाई पेश्की दिएको तपसिल अनुसारको रकम नियमानुसार पेश्की फछ्यौंट हुनुपर्ने रु. | २०७३८००/- |

| सि.नं. | पेश्की लिने कर्मचारीको नाम थर | पेश्की लिएको मिति | पेश्की रकम |
|---|---|---|---|
| १ | श्री बबुराम ढुङ्गाना | २०७५.१२.०५ | ३४८८००.०० |

| | | | |
|---|---|---|---|
| २ | श्री विवेकचन्द्र कार्की | २०७५.१२.०५ | १६२४००.०० |
| ३ | श्री डिल्ली बहादुर खुलाल | २०७५.१२.०५ | ५१८८००.०० |
| ४ | श्री असिम पोखरेल | २०७६.०३.३१ | १०४३८००.०० |
| | **जम्मा** | | **२०७३८००.००** |

१११. कार्यालयले दोश्रो चौमासिक देखि वैंक मार्फत समाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । निम्नुसारका वैंकमा रु.३२५१८४००.०० निकासा भएकोमा के कति रकम वितरण भयो र के कति रकम वाकि रहेको छ सोको वैंक विवरण पेश भएको छैन । कार्यालयले वितरण भएको रकम एकिन गरी वाँकि रकम संघिय संचित कोषमा फिर्ता पठाउनुपर्ने देखिन्छ ।

| **सि.नं** | **वडा नं.** | **वैकको नाम** | **प्रथम,दोश्रो र तेश्रो चौमासिक रकम** |
|---|---|---|---|
| १ | ४,५ | सेन्चुरी कर्मसियल वैंक | १६९४४३० |
| २ | ३ | एन.एम.वि. वैक | ८०४८०००.०० |
| ३ | १,५ | प्रभु वैंक | ३४८८०००.०० |
| ४ | २,५ | राष्ट्रिय वाणिज्य वैंक | ११७२८०००.०० |
| ५ | १,५ | सानिमा वैंक | ९०४००००.०० |
| ६ | ६,७ | लुम्विनि | ८२७६०००.०० |
| ७ | ९ | सिंर्जना फाइनान्स | ७२५६०००.०० |
| ८ | ८,१०,११ | जनता वैंक | २२१६४०००.०० |
| **जम्मा** | | | **७१६९४४३०.००** |

११२. कार्यालयले सामाजिक सुरक्षातर्फ निम्नानुसार विल भर्पाइ भन्दा वढी पेश्की फछ्र्यौट गरेको रकम सम्वन्धित वाट असुल फछ्र्यौट गर्नुपर्ने रु ३२४००/-

| **वडा नं.** | **चौमासिक** | **भर्पाइ पेश रकम** | **खर्च रकम** | **वढी भुक्तानी रकम** |
|---|---|---|---|---|
| ६ | तेश्रो चौमासिक | १५२६००.०० | १५४२००.०० | १६००.०० |
| १ | दोश्रो चौमासिक | २३०८००.०० | २३१२००.०० | ४००.०० |
| ३ | दोश्रो चौमासिक | १६८८००.०० | १८००००.० | ११२००.०० |
| ४ | प्रथम चौमासिक | ४५३२००.०० | ४५४८००.०० | १६००.०० |
| ५ | दोश्रो चौमासिक | ४४०४००.०० | ४४३६००.०० | ३२००.०० |
| ७ | दोश्रो चौमासिक | १८६८००.०० | १८९२००.०० | २४००.०० |
| ८ | प्रथम चौमासिक(जेष्ठ) | ९२०००.०० | ९६०००.०० | ४०००.०० |
| ११ | प्रथम चौमासिक(जेष्ठ) | ३३१२०००.०० | ३३२००००.०० | ८०००.०० |
| **जम्मा** | | **५०३६६००.००** | **५०६९०००.००** | **३२४००.००** |

११३. कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा निम्नानुसारका व्यक्ती हरुको नागरिकता नं. एकै रहेको मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । एउटै नागरिकता नं. भएकाको दुई ठाउमा नाम राखि भुक्तानी भएको रकम दोहोरो भुक्तानी भएको देखिएकोले असुल हुनु पर्ने रु. २४०००/-

| **भत्ता सि.नं** | **चौमासिक** | **भुत्तानी लिनेको नाम** | **विषय** | **दोहोरो रकम** |
|---|---|---|---|---|
| १०३,१०४ | प्रथम, वडा नं. ११ | टंक माया लिम्वु | जेष्ठ नागरिक | ८०००.०० |
| २४८,२४९ | प्रथम, वडा नं. ११ | वुधमाया तामाङ्ग | जेष्ठ नागरिक | ८०००.०० |
| ४,५ | प्रथम वडा नं. ११ | गंज वहादुर दर्जि | जेष्ठ नागरिक दलित | ४०००.०० |
| ३३,३४ | प्रथम वडा नं. ६ | विष्णुमाया राई | एकल महिला | ४०००.०० |
| जम्मा | | | | **२४०००.००** |

**प्रधानमन्त्री रोजगार**

| | | |
|---|---|---|
| ११४. | **विजक पेश नभएकोः-(४/२०७६।१।३१)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ मसलन्द तथा कार्यक्रम सामाग्री भनि रु.५०००/- खर्च लेखेकोमा उक्त खर्च प्रमाणित गर्ने विल भपाई पेश नभएकोले असुल गनुपर्ने रु. | ५०००/- |
| | **आम्दानी तर्फः** | |
| ११५. | **राजस्वको लेखाङ्कन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ३ मा राजस्व दाखिला र राजस्व लेखा सम्बन्धि ब्यवस्था रहेको छ । नियम ९ मा राजस्व आर्जन गर्ने कार्यालयले करदाता वा सेवाग्राही बाट सोझै बैकमा जम्मा भई प्राप्त हुन आएको बैक भौचर र कार्यालयले नगद संकलन गरी बैक दाखिला गरेको बैक भौचर समेतको सम्बन्धित खातामा प्रविष्टि गरी श्रेस्ता राख्नुपर्नेछ । बेरुजु रकम नगद असुल भएमा बेरुजु कायम भएको कार्यालयको राजस्व खातामा जम्मा गर्नुपर्नेछ । त्यसरी जम्मा गरिएको बैक भौचर संलग्न गरी सम्बन्धित कार्यालयले गोश्वरा भौचर उठाई त्यस्तो रकमको आम्दानी जनाई लेखा राख्नुपर्नेछ भन्ने ब्यवस्था रहेको छ । कार्यालयले यो वर्ष राजस्व तर्फ गोश्वरा भौचर उठाई बैक नगदी किताब तयार गरेको छैन । | |
| ११६. | **आम्दानी रकमः-** असार मसान्तमा मौज्दात रु.२५०९८८।४६रहेको नगद मध्ये रु २३८०००.०० वडा नं. ४ देवराज राईले माघ महिनामा दाखिला गरेको देखिन्छ । मौज्दात मध्ये वांकि रकम रु. ४११.२५ वडा नं. ४ र वडा नं.११ को रु.१२५७७।२१ गरी जम्मा रु. १२९८८.४६ दाखिला हुन बांकी रहेको छ वांकी रकम यथासिघ्र दाखिला हुनुपर्ने रु. | १२९८८/- |
| ११७. | वेलवारी नगर कार्यपालिकाको मिति २०७५।५।१ को कार्यपालिकाको वैठकवाट भएको निर्णय अनुसार वेलवारी नगरपालिका, सुन्दरहरैचा नगरपालिका, कानेपोखरी गांउपालिका र केरावारी गांउपालिकावाट चिसाङ्ग खोला र लोहोन्द्र खोलाको IEE गरी स्वीकृत लोहोन्द्रा खोला र चिसाङ्ग खोलावाट ढुङ्गागिट्टी, वालुवा मिक्स गिट्टी, र भरौट विक्रिकरको लागि ४ वटा स्थानिय तहवीच आपसी सहमति भए बमोजिम सुचना आव्हानद्धारा ठेक्का वन्दोवस्त नहुन्जेल सम्म उक्त विक्रिकर र निकासी कर समेत उठाउनका लागि वेलवारी १ निवासी श्री हेमकुमार गुरुङ्गलाई उठेको रकमको २५ प्रतिशत रकम कर उठाए वापत फिर्ता पाउने गरी सोझै सम्झौता गरेको पाइयो । कार्यालयले रसिद छपाई गरी निजलाई दिएको र निजले उक्त रसिद वाट निम्नानुसार रकम संकलन गरी वुझाएको मा लेखापरीक्षणको अवधिमा रसिद ठेली पेश नभएकोले कुन रसिद वाट केकति आम्दानी भयो भिडान गर्न सकिएन । कार्यालयले पेश गरेको विवरण अनुसार विक्रि कर रकम रु.१४०४६४०/- र निकासी कर रकम रु. ३३०७७५/- आम्दानी भएको विवरण प्राप्त भएको छ । यस सम्वन्धमा एकिन हुने विल भरपाई तथा अभिलेख नराखी एक व्यक्तिलाई अमानतमा रकम उठाउन दिएको नियमसम्मत देखिएन । | |
| ११८. | यस बर्ष आन्तरिक आम्दानी तर्फ रु.३११५००००। आम्दानी को अनुमान गरेकोमा रु.६८३३५०५९।६४ आम्दानी भएको विवरण प्राप्त भएको छ । अमानतबाट खोला जन्य सामग्री विक्रि बाहेक अन्य सबै आम्दानी सफ्वेयरबाट रसिद काट्ने व्यबस्था भएको र उठेको रकम बैक दाखिला हुने गरेको देखियो । आम्दानीको सबै वडाको रसिद काट्ने व्यबस्था कम्प्युटरको माध्यमबाट भएकोले सफ्वेयरको विश्वसनियता सम्वन्धमा एकिन गर्न सकिएन । | |
| ११९. | **मूल्य अभिबृद्धि कर** :नगरपालिकाबाट भएको तपसिल बमोजिमको निकासी तथा विक्री आम्दानि र विज्ञापन करको ठेक्का सम्झौता बमोजिम ठेकका रकमको १३ प्रतिशत रकम असुल गरि कार्यालयले आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्नेमा मूल्य अभिबृद्धि कर रकम कार्यालयले असुल नगरि सम्वन्धित व्यबसायी फर्मले तिर्ने व्यबस्था गरेकोमा सम्वन्धित ठेकेदारले उक्त रकम दाखिला गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा उक्त रकम जिम्मेवार कर्मचारी वाट असुल हुनु पर्ने रु. | ५७५८२०८/- |

| फर्मको नाम | कामको नाम | सम्झौता रकम | मुल्यअभिबृद्धिकर रकम |
|---|---|---|---|
| मोरङ कष्ट्रक्सन | लोहद्रा खोला उत्खनन तथा विकी | २३६८९००० | ३४२१७४४ |
| कानेपोखरि वि एण्ड वि | चिसाङ खोला उत्खनन तथा विकी | १११७३५०० | १४२८२७४ |
| कानेपोखरि वि एण्ड वि | चिसाङ खोलास्थानीय तह निकासी | २७२७३४६ | ३४९९०७ |
| सयपत्रि मल्टी प्रपोज | लोहद्रा खोला स्थानीय तह निकासी | ४०७३३७६ | ५२९५३९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | आकृति एडभरटाईजिङ | विज्ञापन | २२१११० | २८७४४ | |
| | | जम्मा | ४१८८४३३२ | ५७५८२०८ | |

१२०. **मूल्य अभिबृद्धि करः** नगरपालिकाको निम्न सडक पूर्वाधार उपयोग कर र हाट वजार करको ठेकका समभ्कौतामा मूल्य अभिबृदि कर बाहेकमा रु.९३,७९,१६९/- को सम्झौता गरेको पाईयो । मूल्य अभिबृद्धिकर रु.१२,१९,१९२/- अन्तरिक राजश्व कार्यालयको सम्वन्धित खातामा दाखिला गर्नु पर्नेमा दाखिला भएको प्रमाण पेश भएको छैन । उक्त रकम दाखिलाको लागि नगर पालिकाले पनि कुनै कारबाही गरेको पनि नदेखिएकोले उक्त रकम असुल गरी कर कार्यालयमा दाखिला हुनुपर्ने रु.. १२१९२९३/-

| सि.नं | फर्म वा व्यक्तीको नाम | ठेक्काको किसिम | समभ्कौता रकम मु अ.कर बाहेक | मुल्यअभिबृद्धि कर दाखिला हुनु पर्ने रकम |
|---|---|---|---|---|
| १ | श्री मनोज सुवेदी | पशुहाट वजार | ४६०६६६६ | ५९८८६७ |
| २ | श्री हेमन्तसुवेदी | पटके सवारी कर | २५००००० | ३२५००० |
| ३ | श्री निर्मला वजगाई | हाट वजार | ४०२००० | ५२२६० |
| ४ | श्री प्रदिप गुरुङ | हाट वजार | १००५०० | १३०६५ |
| ५ | श्री सन्देस मगर | हाट वजार | ५०००० | ६५०० |
| ६ | श्री उपेन्द्र राई | हाट वजार | २००१०० | २६०१३ |
| ७ | श्री सुदिप कुवर | हाट वजार | १००५०१ | १३०६५ |
| ८ | श्री जगत राई | हाट वजार | ८०००० | १०४०० |
| ९ | श्री सुदिप भण्डारी | हाट वजार | ९००५०० | ११७०६५ |
| १० | श्री आशाराम चौधरी | हाट वजार | ३२००० | ४१६० |
| ११ | श्री ओम प्रकास खवास | हाट वजार | २०६१५१ | २६८०० |
| १२ | श्रीसविताकुमारी खवास | हाट वजार | २५५५१ | ३३२२ |
| १३ | श्री निरज सुवेदी | हाट वजार | १५०१०० | १९५१३ |
| १४ | श्री सरोज राई | हाट वजार | २५१०० | ३२६३ |
| | **जम्मा** | | **९३७९१६९** | **१२१९२९३** |

१२१. भाउन्ने कृतिमान सडकका पटके सवारी कर ठेकेदार श्री हेमन्त सुवेदी ले रु.२५०००००। मा आर्थिक बर्ष २०७५।७६को लागि ठेक्का लिएकोमा रु. १५,२१,०००/- मात्र रकम नगरपालिको कोषमा दाखिला गरि रु. ९,७९,०००/- रकम हाल सम्म दाखिला गरेको देखिएन । ठेकका व्यबस्था गर्दा सम्वन्धित ठेकेदार संग नगद धरौटी वा बैक ग्यारेण्टी लिएर मात्र सम्झौता गर्नुपर्नेमा ग्यारेण्टी नलिइ ठेक्का सम्झौता गरेकोले उक्त रकम हाल सम्म असुल भएको नदेखिएकोले बैक ग्यारेण्टी बेगर ठेक्का सम्झौता गर्ने जिम्मेवार कर्मचारीबाट उक्त रकम हर्जाना सहित असुल हुनु पर्ने रु. ९७९०००/-

१२२. उक्त ठेक्कामा सबैभन्दा बढी कवोल गर्ने श्री सुधिर वान्तवाको रु.३१९५०००।-को ठेक्का नसकारेकोले सो भन्दा घटी कवोल गर्ने श्री हेमन्त सुवेदी लाई रु.२५०००००।- मा सम्झौता भएको थियो । उक्त ठेकका नसकारे वापत सुधिर वान्तवाको विडबण्डबापतको ५ प्रतिशत रकम रु.१६००००।- रकम जफत गर्ने निर्णय भएकोमा उक्त रकम जफत भएको प्रमाण पेश नभएको रु. १६००००/-

१२३. **भ्याट दर्ता नभएको**: मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ अनुसार बस्तुको हकमा ५० लाख र वस्तु तथा सेवा मिश्रीत कारोवारमा र सेवाको हकमा २० लाख भन्दा माथिको कारोवार गर्ने व्यक्तीले आफनो कारोवार मूल्यअभिबृद्धि करमा दर्ता गराउनु पर्ने व्बवस्था रहेको छ । यसैगरी नियम ६ (क) अनुसार सरकारी निकाय सार्बजनिक संघसंस्था वा दर्ता भएको व्यक्तीले वार्षिक ५ लाख भन्दा बढीको ठेक्का पट्टा दिदा वा परामर्श सेवा लिदा दर्ता भएको व्यक्ती संग मात्र गर्नु पर्ने व्यबस्था रहेकोमा मूल्य अभिबृद्धिकरमा दर्ता नगरि कारोवार गरेको नियम सम्मत देखिएन ।

१२४. **धरौटी फिर्ताः** सरकारी लेखा निर्देशिका, २०७३ को परिच्छेद १२ को १२.५ (ङ) (आ) मा धरौटी

रकम फिर्ता गर्दा उक्त भुक्तानी वापत लाग्ने कर तथा मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश हुनु पर्ने व्यवस्था छ । कार्यालयवाट भुक्तानीमा कट्टा भएको धरौटी फिर्ता गर्दा मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश गरेको देखिएन । मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश भए पछि मात्र धरौटी फिर्ता गर्नु पर्ने देखियो ।

**बेरुजू संपरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ र २० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ । नगरपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि पेश गरेको छैन ।

**बेरुजू** - नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु १ करोड २ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु २ करोड  ५४ लाख ४९ हजार,  प्रमाण कागजात पेश गर्नुपर्ने रु ४ करोड २३ लाख ३२ हजार र  पेश्की रु. ७३ लाख ३४ हजार समेत रु.९ करोड  १० लाख ५६ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. ५६ लाख ८८ हजार फछ्र्यौट भइ रु ८ करोड ५३ लाख ६८ हजार बेरुजू कायम भएको छ ।

**अनुगमन तथा मूल्याङ्कन :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| **गत वर्षको बेरुजु रकम (रु.)** | **यो वर्ष फछ्र्यौट** | **बाँकी** |
|---|---|---|
| २२२८५३६० | ० | २२२८५३६० |

**अद्यावधिक बेरुजु स्थिति :**  यस नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| **गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)** | **यो वर्षको सं प.बाट कायम बेरुजुरु.** | **यो वर्षको कायम बेरुजुरु.** | **बाँकी** |
|---|---|---|---|
| २२२८५३६० | ० | ८५३६८१८० | १०७६५३५४० |

उल्लेखित बेरुजुहरु यस नगरपालिकाको आर्थिक कार्यबिधि नियमित तथा व्यबस्थित गर्न बनेको कानून २०७४, ऐन नं.२ बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असूल फछ्र्यौट गरिनुपर्दछ ।

**अनुसूची- १**

# सञ्चित कोष विवरण

## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | बेलवारी न.पा | मोरङ्ग | ७२१०४ | १७४४३० | ५०४३७० | १३९४१९ | ८१८२१९ | १४९५७८ | १९७०७१ | ४३१२१४ | ७७७८६३ | ११२४६० |

**अनुसूची- २**

# बेलवारी नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मोरङ्ग | बेलवारी न.पा | ६६ | ६० | ९१०५६ | ० | १ | ५६८८ | ६६ | ५९ | ८५३६८ | १०२५३ | २५४४९ | ४२३३२ | ० | ० | ६७७८१ | २५५४ | ४७८० | ७३३४ |

**अनुसूची- ३**

# अद्यावधिक बेरुजु स्थिति

## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्षको सं प.बाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | बेलवारी न.पा | मोरङ्ग | २२२८५ | ० | २२२८५ | ० | ८५३६८ | १०७६५३ |